# मकवानपुरको पत्रकारिता
# एक अध्ययन

देवराज हुमागाईं

**भूमिका**

भौगोलिक हिसावले मकवानपुर जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा अवस्थित एक पहाडी जिल्ला हो। मध्य नेपालको दक्षिणी भागमा अवस्थित नारायणी अञ्चलका ५ ओटा जिल्लाहरूमध्ये यो जिल्ला उत्तरतर्फ रहेको छ। २,४२६ वर्ग कि.मि. क्षेत्रफलमा रहेको यो जिल्लासँग ललितपुर, काभ्रे, सिन्धुली, चितवन, धादिङ, काठमाडौं, वारा, पर्सा र रौतहट गरी ९ ओटा जिल्लाका सिमाना जोडिएका छन्। कुल ४३ ओटा गाउँ विकास समिति (गाविस) तथा एक नगरपालिका रहेको यस जिल्लाको सदरमुकाम 'हेटौंडा' हो। यस जिल्लामा समथर फाँटदेखि लिएर ज्यादै विकट पहाडी स्थानहरू पनि छन्। काठमाडौं उपत्यकालाई वाहिरी जिल्लाहरूसँग जोड्ने पहिलो राजमार्ग 'त्रिभुवन राजपथ' तथा पूर्व-पश्चिम जोड्ने 'महेन्द्र राजमार्ग' पनि यही जिल्लामा अवस्थित छन्। तर पनि यस जिल्लाको ४३ मध्ये १२ ओटा गाविसमा अझै मोटर वाटो पुग्न सकेका छैनन।

२०४८ सालको जनगणना अनुसार कुल जनसङ्ख्या ३,१४,५९९ (तीन लाख चौध हजार पाँचसय उनान्सय) रहेको यस जिल्लामा तामाङ जातिको वाहुल्यता रहेको छ। यहाँ कुल जनसङ्ख्याको ४६ प्रतिशत तामाङ छन्। यसकारण मातृभाषामा पनि तामाङ भाषाकै वाहुल्यता रहेको देखिन्छ। यहाँका ४४.३ प्रतिशत जनता तामाङभाषा वोल्छन् भने ४१.७ प्रतिशतले नेपाली तथा वाँकी १४ प्रतिशतले अन्य विविध भाषा वोल्ने गर्दछन्। औद्योगिक जिल्लाको रूपमा चिनिए तापनि यहाँका ८२.७ प्रतिशत जनता कृषिमा तथा १७.३ प्रतिशत गैरकृषि क्षेत्रमा संलग्न रहेको पाइन्छ। यस जिल्लाको औसत साक्षरता ३८.६ प्रतिशत छ। जसमा पुरुष साक्षरता ५२.१ प्रतिशत र महिला साक्षरता २४.७ प्रतिशत रहेको छ।

मकवानपुरमा पत्रकारिताको इतिहास त्यति लामो छैन। २०३७/०३८ सालमा प्रथम पटक *विश्लेषण* साप्ताहिक दर्ता भएपछि यहाँ पत्रकारिताको सुरुआत भएको मान्न सकिन्छ। उक्त साप्ताहिक कमल थापाको सम्पादनमा प्रकाशित भएको थियो। त्यसपछि २०३८ साल तिर नै भीम विरागको सम्पादनमा *नारायणी* साप्ताहिक प्रकाशित भएको थियो। त्यसै गरी *उज्यालो* साप्ताहिक, *कुराकानी* साप्ताहिक तथा *प्रयास* (साहित्यिक त्रैमासिकको रूपमा) २०४६ सालको जनआन्दोलन अगाडि नै प्रकाशित भएका पत्रिकाहरू हुन्। प्रकाशित अन्य पत्रिकाहरू इतिहासमा मात्र सीमित रहे पनि २०४८ देखि साप्ताहिक रूपमा प्रकाशन हुन थालेका *प्रयास* तथा *कुराकानी* साप्ताहिक भने अहिलेसम्म पनि नियमित रूपमा प्रकाशित भइरहेकै छन्।

मकवानपुरका अग्रज पत्रकारहरू कमल थापा, हिरण्यलाल श्रेष्ठ, भीम विराग, न्हुछेमान श्रेष्ठ, केशवलाल श्रेष्ठ, मृदुला शर्मा, रुचिमान प्रधान, दीपक श्रेष्ठ, देव श्रेष्ठ, कौशल पाण्डे, सुरेन्द्रमान लाखे आदि हुनुहुन्छ। यीमध्ये न्हुछेमान श्रेष्ठ, दीपक श्रेष्ठ, देव श्रेष्ठ, कौशल पाण्डे र सुरेन्द्रमान लाखे अझै पनि सक्रिय रूपमा पत्रकारितामा लागिरहनु भएको छ। अन्य भने प्रत्यक्ष रूपमा यस पेसामा संलग्न नदेखिए पनि नियमित तथा अनियमित रूपमा पत्रकारिता लेखन कार्यमा लागिरहनु भएको देखिन्छ।

२०४६ सालको जनआन्दोलनपश्चात् नेपालमा सञ्चार जगत्ले जुन गतिमा फड्को मारेको छ, यसवाट यो जिल्ला पनि अछुतो छैन। छापातर्फ यहाँ २०५८ सालसम्ममा २५ भन्दा वढी पत्रपत्रिकाहरू जिल्ला कार्यालयमा दर्ता भइसकेका छन्। यसवाहेक आधा दर्जनभन्दा वढी साहित्यिक हवाईपत्रिकाहरू जिल्लाका विभिन्न स्थानहरूवाट प्रकाशित हुने गर्दछन्। उता विद्युतीय सञ्चारमाध्यमतर्फ *मनकामना एफ.एम.* साउन २०५७ देखि सुरु भएको छ। त्यस्तै यस जिल्लाको तीन ओटा गाविस पालुङ, छतिवन तथा गढीमा ग्रामिण सामुदायिक सञ्चारको रूपमा स्थापित अडियो टावर पनि प्रभावकारी रूपमा सञ्चालित भइरहेका छन्। स्थानीय केवल टेलिभिजन *सिटी केवल* पनि सुरु भएको छ।

यातायातको सुगमताका कारण यहाँ काठमाडौं, चितवन तथा पर्सा जिल्लामा प्रकाशित हुने पत्रपत्रिकाहरू पनि आइपुग्छन्। यतिमात्र नभएर धरानवाट प्रकाशित हुने *ब्लास्ट टाइम्स* समेत यहाँ आइपुग्ने गर्दछ। यसै गरी राजधानी काठमाडौंवाट नजिकै रहेका कारण त्यहाँवाट प्रसारण हुने *हिट्स, कान्तिपुर* तथा *केएटीएच* एफ.एम. पनि यस जिल्लाका कतिपय स्थानहरूमा प्रष्टै सुन्न सकिन्छ। यसरी वाहिरी प्रकाशन तथा प्रसारणको उपस्थितिले पाठक तथा स्रोताहरूलाई विकल्प त प्रदान गरेको छ। तर यी विकल्प स्थानीय प्रकाशन तथा प्रसारण संस्थाको लागि भने प्रतिस्पर्धीको रूपमा खडा भएका देखिन्छन्।

मकवानपुरको पत्रकारितालाई सरल ढङ्गले वुझ्नको लागि पत्रपत्रिका, रेडियो, खोज पत्रकारिताको अभ्यास, स्थानीय सरकार र सञ्चार माध्यम, पत्रकारिताको अध्यापन, तथा पत्रकारितासम्वन्धी संस्थाहरूको भूमिका गरी ६ ओटा मुख्य शीर्षकहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। पत्रपत्रिका तथा रेडियोअन्तर्गत पनि विविध पक्षहरू जस्तै– विस्तार, सामग्री, जनशक्ति, लगानी तथा विज्ञापन वजार आदि समेट्ने उद्देश्यले विभिन्न उपशीर्षकहरूमा यो लेख विभाजन गरिएको छ।

## १. पत्रपत्रिका

आर्थिक वर्ष २०५७/५८ को अन्त्यसम्ममा मकवानपुर जिल्लामा दर्ता भएका पत्रपत्रिकाको सङ्ख्या २ दर्जन नाघिसकेको छ। तीमध्ये साहित्यिक तथा अन्य म्यागजिनलाई छोडेर समाचारमूलक अखवारको सङ्ख्या दर्ताको हिसावले उक्त मिति सम्ममा १५ पुगेको छ। दर्ता भएका यी सवै पत्रिकाहरू साप्ताहिक हुन्। मकवानपुरवाट कार्तिक २०५८ मा चारओटा मात्र पत्रिका प्रकाशित भइरहेका थिए (तालिका १)।

तालिका १ : प्रकाशित भइरहेका पत्रपत्रिकाहरू

| क्र. सं. | पत्रपत्रिका | दर्ता भएको साल (आ.व.) | सम्पादक | प्रकाशक (प्रत्रिका प्रकाशन हुने स्थान) |
|---|---|---|---|---|
| १. | प्रयास साप्ताहिक | २०४०/०४१ | कौशल पाण्डे | कौशल पाण्डे (हेटौंडा) |
| २. | कुराकानी साप्ताहिक | २०४०/०४१ | देवप्रसाद श्रेष्ठ | के.एल. श्रेष्ठ, दीपक श्रेष्ठ (हेटौडा) |
| ३. | हेटौंडा वा.पौ. (नेवारी) | २०५५/०५६ | दीपक श्रेष्ठ | दीपक श्रेष्ठ (हेटौंडा) |
| ४. | सफल अभियान साप्ताहिक | २०५६/०५७ | निर्मल घिमिरे | निर्मल घिमिरे (हेटौंडा) |

*स्रोत:* सम्वन्धित पत्रिकाहरू

यी चारओटा पत्रिकाहरूमा *प्रयास* र *कुराकानी* साप्ताहिक २०४६ सालको जनआन्दोलन पूर्व नै सुरु भएर पनि हालसम्म नियमित रूपमा प्रकाशित भइरहेका छन्। २०४०/०४१ मा *साहित्यिक प्रयास*को नाममा दर्ता भई त्रैमासिक रूपमा प्रकाशित हुने गरेकोमा २०४८ सालदेखि *प्रयास* साप्ताहिकको नामवाट प्रकाशित हुँदै आएको छ। उता *कुराकानी* भने सुरुदेखि नै साप्ताहिक सामाचारमूलक अखवारका रूपमा प्रकाशित हुँदै आएको पाइन्छ। त्यसैगरी आ.व. २०५५/०५६ मा दर्ता भई अहिले नियमित रूपमा प्रकाशित हुँदै आएको अर्को पत्रिका *हेटौंडा वा.पौ.* हो। यो काठमाडौं उपत्यका वाहिरवाट नियमित प्रकाशित हुने पहिलो तथा हालसम्मको एकमात्र नेपालभाषाको पत्रिका हो। अर्को साप्ताहिक अखवार *सफल अभियान* भने २०५६-०५७ मा दर्ता भएर पनि हालसम्म नियमित हुन सकेको छैन। यसकारण अहिले प्रकाशित भइरहेकामध्ये यहाँका तीनओटा साप्ताहिक अखवारहरू मात्र नियमित देखिएका छन्। प्रेस काउन्सिलको २६ औं वार्षिक प्रतिवेदन २०५७/०५८ अनुसार नियमित प्रकाशित भइरहेका तीनओटै अखवारहरू 'ग' श्रेणी मा परेको देखिन्छ।[१] २०५७ को वैशाख देखि चैत्रसम्मको अवधिलाई आधार वनाई उक्त मूल्याङ्कन गरिएको छ। यस अवधिमा अर्को साप्ताहिक *सफल अभियान* भने कुनै पनि अङ्क प्रकाशित भएको थिएन।

यसवाहेक *वलिदान* साप्ताहिक २०५५ सालदेखि नियमित रूपमा प्रकाशित भई असोज २०५८ देखि अप्रकाशित रहेको देखिन्छ। यसै गरी २०५६ सालदेखि प्रकाशित हुँदै आएको *हेटौंडा पोस्ट* साप्ताहिक तथा २०५७ सालदेखि प्रकाशित हुँदै आएको *मधुपत्र* साप्ताहिक पनि यही असार २०५८ देखि अप्रकाशित रहेका छन्। प्रकाशित भैरहेका पत्रपत्रिकाहरू अनियमित तथा वन्द हुनुमा प्रमुख कारण आर्थिक अभाव रहेको वताइन्छ।

जिल्लामा दर्ता भएको आधारमा प्रकाशित पत्रपत्रिकाको सङ्ख्या चारओटा भएपनि २०५८ साल असार १६ गतेदेखि चण्डेश्वरी प्रकाशन प्रा.लि. काठमाडौंद्वारा प्रकाशित *प्रभातकालीन* दैनिक मध्यमाञ्चल संस्करणको रूपमा यहाँवाट प्रकाशन हुन

थालेपछि पत्रिकाको सङ्ख्या पाँच हुन पुगेको छ। उक्त दैनिक पत्रिकामा स्थानीय क्षेत्रका समाचारलाई वढी मात्रामा समेट्ने गरिएको छ। यसले स्थानीय क्षेत्रमा खट्किरहको दैनिक पत्रिकाको आवश्यकतालाई कम गराएको महसुस गरिंदै छ। यसरी स्थानीय क्षेत्रकै समाचारहरूलाई प्राथमिकताका साथ समेटेर स्थानीय स्तरवाटै प्रकाशित भएको कारण उक्त पत्रिकालाई पनि क्षेत्रीय पत्रकारिताको अध्ययन भित्र समेटिएको छ।

निम्नलिखित विषयहरूमा विभाजन गरेर यस क्षेत्रको पत्रपत्रिकाको स्थितिवारे अध्ययन गर्न सकिन्छ।

## वितरणको भूगोल

यहाँ प्रकाशित पत्रिकाहरूको प्रकाशन तथा विक्री वितरणको औसत परिमाणलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ।

तालिका २ : पत्रपत्रिकाको प्रकाशन र वितरण परिमाण

| पत्रिकाको नाम | प्रकाशित प्रति | बिक्री वितरण |
|---|---|---|
| १. प्रभातकालीन दैनिक | ३०००-३५०० | २०००-२५०० |
| २. हेटौंडा वा.पौ. | ६५० | ४००-५०० |
| ३. प्रयास साप्ताहिक | ५०० | ३००-४०० |
| ४. कुराकानी साप्ताहिक | ५०० | ३००-४०० |
| ५. वलिदान साप्ताहिक (हाल वन्द) | ३००-४०० | २००-३०० |

*स्रोतः दिनेश न्यौपाने, सहयोगी सम्पादक, प्रभातकालीन। दीपक श्रेष्ठ, सम्पादक/प्रकाशक, हेटौंडा वापौ। खेमप्रसाद बोलखे, सहयोगी सम्पादक, प्रयास। देवप्रसाद श्रेष्ठ, सम्पादक, कुराकानी। अर्पण पराजुली, विशेष सम्वाददाता, वलिदान।*

यहाँका साप्ताहिक पत्रिकाहरूको प्रकाशित प्रति साह्रै न्यून देखिन्छ। तुलनात्मक रूपमा *प्रभातकालीन* दैनिक भने विक्री वितरणको हिसावले राम्रो अवस्थामा छ। आफ्नो प्रकाशन सुरु गर्दा (असार/साउन ०५८ तिर) जुन गतिमा यो पत्रिका अगाडि वढेको थियो ३/४ महिनामै त्यो गतिमा भने धेरै शिथिलता आएको छ। यसको प्रमुख कारण व्यवस्थापन पक्ष कमजोर रहेको यहाँ कार्यरत कर्मचारीहरूको भनाइ छ। सम्वाददाता रामकुमार एलनका अनुसार सुरु सुरुमा २००० को सङ्ख्यामा नियमित ग्राहक रहेको यस पत्रिकामा हाल करीव ८०० जना मात्र नियमितग्राहकहरू छन्। त्यसैगरी यो पत्रिका १५००-१७०० प्रति मात्र प्रकाशित हुने गर्दछ। हेटौंडा वाहेक उक्त पत्रिका विरगञ्ज, गौर, नारायणगढ तथा वुटवल जस्ता वजारहरूसम्म विक्री हुने गरेको *प्रभातकालीन*का सहयोगी सम्पादक दिनेश न्यौपाने वताउनुहुन्छ। त्यसैगरी *प्रयास* साप्ताहिकका नियमित ग्राहकहरू वीरगञ्ज, कलैया,

नारायणगढ र काठमाडौंसम्म रहेको कुरा यसका सहयोगी सम्पादक खेमप्रसाद बोलखे वताउनुहुन्छ। उहाँका अनुसार ती वजारहरूमा यो पत्रिका विक्री भने हुने गर्दैन। *हेटौंडा वा.पौ.*को नारायणगढ र काठमाडौंमा केही ग्राहकहरू रहेका तथा बाँकी हेटौंडा बजारमै विक्री हुने गरेको वताइएको छ। *बलिदान* तथा *कुराकानी* साप्ताहिकको भने जिल्ला वाहिर ग्राहकहरू छैनन्।

*वलिदान* साप्ताहिकका विशेष सम्वाददाता अर्पण पराजुलीका अनुसार उक्त पत्रिका विक्रीभन्दा पनि वढी निःशुल्क वितरण हुने गरेको थियो। मकवानपुर जिल्लाका विभिन्न गाविस कार्यालयहरू हेटौंडा स्थित अन्य सरकारी कार्यालय तथा जिल्लाका विभिन्न सामाजिक क्लवहरूले आफ्नो ठेगानासहित पत्र लेखेमा उक्त पत्रिका हुलाकमार्फत निःशुल्क पठाउने गरेको उहाँ वताउनुहुन्छ। नियमित ग्राहक वनाएर तथा पत्रपत्रिका पसलहरू मार्फत यहाँका साप्ताहिक पत्रिकाहरू विक्री हुने गरेका छन् भने *प्रभातकालीन* दैनिकले भने निश्चित पारिश्रमिक प्रदान गर्ने गरी हकर मार्फत पनि पत्रिका विक्री वितरण गर्ने गरेको छ।

यहाँको पत्रिकाका ग्राहकहरू प्रायः जसो हेटौंडा तथा वरपरका केही ग्रामीण भेगहरू जस्तै गढी, आमभञ्ज्याङ्ग, हटिया, हर्नामाडी, वसामाडी, वस्तीपुर आदि स्थानहरूमा रहेका छन्। मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडादेखि टाढा रहेका ग्रामीण इलाकाहरू जस्तै डाँडाखर्क, मार्खु, फापरवारी, छतिवन, सुकौरा, वूढीचौर जस्ता स्थानहरूमा यी पत्रिकाहरू पुग्ने गर्दैनन्। यसकारण जसका वारेमा समाचारहरू लेखिने गरिन्छ उसले पत्रिका किनेर पढ्न चाहे पनि पढ्न पाउँदैन। राजधानीका पत्रिकाहरू पनि नपुग्ने तथा रेडियोको प्रसारण पनि स्पष्ट सुन्न नसकिने यस्ता स्थानहरूमा स्थानीय पत्रिकाको सर्वसुलभ वितरण गर्ने हो भने पत्रिका चलाउन त्यति गाह्रो पर्ने देखिन्न। तर विडम्वना सवै प्रकाशनहरू सहरमुखी छन्। आर्थिक अभावका कारण वितरकहरू खटाउन नसक्ने हुँदा सहरमुखी हुनु परेको यहाँका प्रकाशकहरूको एउटै भनाइ रहेको छ। यसकारण भन्न सकिन्छ कि विना लगानी र मिहिनेत नै फल फलाउन खोज्ने प्रवृत्ति यहाँको पत्रकारितामा विद्यमान छ।

काठमाडौं उपत्यका वाहिरका पत्रिकाहरूको मुख्य समस्या हो विक्री बजारको अभाव। यस समस्यावाट यहाँका पत्रिकाहरू पनि मुक्त छैनन्। पत्रिकाको विक्री अत्यन्त न्यून रहेको पाइन्छ। पैसा खर्च गर्नु परेपछि काठमडौंवाट नै प्रकाशित हुने पत्रिका पढ्नुपर्छ, स्थानीय पत्रिका किन पढ्ने भन्ने मानसिकता पाठकहरूमा रहेको देखिन्छ। यसो हुनुमा स्तरीयताको प्रश्न गाँसिएको छ। सामग्रीको हिसावले स्थानीय पत्रिकाले राजधानीवाट प्रकाशित पत्रिकाहरूको स्तरसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्। यहाँ एफ.एम. स्टेसन, पनि भएका कारण स्थानीय घटनाहरू 'हालखवर' कार्यक्रममार्फत रेडियोले नै प्रसारण गर्ने हुनाले स्थानीय समाचारका लागि पत्रिका किन्नुपर्ने आवश्यकता देखिंदैन। अर्कोतर्फ काठमाडौंमा प्रकाशित हुने दैनिक तथा साप्ताहिक अखवारहरू विहान करिव ११/१२ वजेतिरै ग्राहकको हातमा पर्ने गर्दछन्।

## छापिएका विषयहरू

यहाँवाट प्रकाशित हुने सवै पत्रपत्रिकाहरूमा स्थानीय समाचारहरूले वढी मात्रामा स्थान पाएको देखिन्छ। हाल सवै पत्रपत्रिकाहरू चार पृष्ठका छन्। प्रथम, तेस्रो तथा चौथो पृष्ठहरूमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारहरू प्रकाशित भएका हुन्छन्। दोस्रो पृष्ठ सम्पादकीय, पाठक प्रतिकृया तथा वढीमा २ ओटा लेखहरूले भरिने गरेको छ। अहिले कुनै पनि पत्रिकाले कार्टुन छापेको देखिंदैन। पत्रपत्रिकामा फोटो देख्न पनि यहाँका पाठकहरूले २-३ अङ्क कुर्नु पर्ने स्थिति छ। अर्थात् साधारणतया २-३ अङ्कमा एउटा फोटो छापिएको देखिन्छ। सवै पत्रपत्रिकाको प्राय: हरेक अङ्कमा सौजन्य स्वरूप प्रकाशित एउटा न एउटा लेखले यहाँ विद्यमान स्तम्भ लेखनको अभावलाई स्पष्ट रूपमा प्रतिविम्वित गरेको छ। खासगरी पत्रपत्रिकामा प्रकाशित सम्पादकीय लेखनको स्तर नै उक्त पत्रिकाको छोटो चिनारी हो। यसको विषयवस्तुवाट उक्त प्रकाशन स्थानीय समाजप्रति कत्तिको उत्तरदायी छ भनेर अनुमान गर्न सकिन्छ। यस पक्षवाट हेर्दा यहाँका प्रकाशनहरू समाजप्रति उत्तरदायी नभएको हो कि भन्ने लाग्दछ। किनकि सम्पादकीयभित्र स्थानीय समाजमा विद्यमान, गरीवी, अशिक्षा, वेरोजगारी, खानेपानीको अभाव, भोकमरी, कृषकहरूले भोग्नुपरेको समस्या, स्थानीय सरकारी तथा गैरसरकारी निकायहरूको गतिविधि तथा त्यसको प्रभाव, औद्योगिक दुरावस्था आदि विषयहरू प्रशस्त मात्रामा पर्ने गरेका देखिंदैनन्। तर अन्य राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा पनि प्रकाशित भइसकेका राष्ट्रिय राजनीति नै सम्पादकीयको विषयभित्र अधिकांश पर्ने गरेको छ।

यहाँका सवै पत्रिकाहरूले स्थानीय स्तरमा घटेका विभिन्न विषयका घटनालाई महत्त्व हेरेर प्राथमिकता दिने गरेको देखिन्छ। "प्राथमिकता क्रममा महत्त्वपूर्ण जुनसुकै विषय पनि पर्न सक्छ। यही विषयलाई प्राथमिकता दिने भन्ने छैन" *प्रयास* साप्ताहिकका सहयोगी सम्पादक वताउनुहुन्छ। महत्त्वपूर्ण भन्नाले वर्तमान परिस्थितिसँग मेल खाने जल्दो-वल्दो जुनसुकै विषयलाई वुझाउँछ। यदि स्थानीय स्तरमा जल्दोवल्दो विषयको समाचार नभएमा मात्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूलाई प्रमुख समाचारको रूपमा राखिने गरेको वताइन्छ। *प्रभातकालीन* दैनिकका सहयोगी सम्पादक दिनेश न्यौपानेका अनुसार समाचारहरू प्रकाशित गर्दा मकवानपुर जिल्लाका विभिन्न स्थानमा रहेका सम्वाददाताहरूले पठाएका स्थानीय समाचारलाई पहिलो प्राथमिकता दिइने र स्थान वाँकी रहेमा आफ्नो केन्द्रीय प्रकाशनवाट इ-मेल मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारहरू लिएर प्रकाशित गर्ने गरिएको छ। उक्त पत्रिकाको सम्पादकीय लगायत अन्य लेखहरू पनि यस संस्करणमा कार्यरत सम्पादककै इच्छाअनुसार राख्न पाउने स्वतन्त्रता केन्द्रले दिएको उहाँ वताउनुहुन्छ। अर्थात उही दिन प्रकाशित क्षेत्रीय संस्करणमा केन्द्रीय संस्करणमा प्रकाशित सम्पादकीय वा अन्य लेखहरू हुनुपर्छ भने वाध्यता छैन।

अहिले यहाँका पत्रिकाहरूमा नियमित स्तम्भकारको अभाव देखिन्छ। यसको कारण पत्रिकाहरू लेखक/स्तम्भकारहरूलाई पारिश्रमिक दिन सक्षम छैनन्। एकातिर पारिश्रमिक नपाइने अर्कोतिर पत्रिकाको विक्री पनि कम हुने हुँदा लेख्न सक्ने

व्यक्तिहरू पनि कलम चलाउन प्रोत्साहित नभएको देखिन्छ। "व्यावसायिक पत्रकारिता लेखनको लागि यहाँ लेखकहरूको होइन उनीहरूलाई प्रोत्साहन दिने प्रकाशन संस्थाको अभाव रहेको छ।" लेखक तथा *कुराकानी* साप्ताहिकका कार्यकारी सम्पादक सञ्जयकुमार साहको कथन छ। उहाँ वीरगञ्जका ३-४ ओटा पत्रिकाहरूमा व्यावसायिक रूपमा साप्ताहिक तथा अर्धसाप्ताहिक स्तम्भहरू लेख्नुहुन्छ। त्यस्तै पारिश्रमिक नभए पनि यहाँका पत्रिकाहरू *प्रयास, प्रभातकालीन* तथा आफूले काम गर्ने गरेको पत्रिका *कुराकानी*मा वेला वेलामा उहाँ विभिन्न विषय (साहित्य तथा समसामयिक राजनैतिक)का लेखहरू लेख्नुहुन्छ। आफ्नो कर्मथलो हेटौंडामा प्रकाशित पत्रिकाहरूलाई केही भएपनि सहयोग पुगोस् र आफ्ना विचारहरू स्थानीय पाठकहरू माझ पुगोस् भन्ने विचारले यी पत्रिकाहरूमा लेख्ने गरे पनि उहाँको मुख्य पेसा शिक्षण हो।

पत्रपत्रिकाको शोभा वढाउने तथा पाठकको ध्यान पत्रिकाप्रति छिट्टै आकर्षित गर्ने फोटो तथा कार्टुनहरू हुन्। यहाँका पत्रिकाहरूमा अहिले कार्टुनहरू कसैले पनि प्रकाशित गरेको देखिन्न। यसको कारणवारे जिज्ञासा राख्दा स्तरीय कार्टुन वनाउने कार्टुनिस्टको यहाँ अभाव रहेको तथा जस्तो पायो त्यस्तो कार्टुनप्रति पाठकले खासै उत्साह नदेखाउने कुरा *प्रयास* साप्ताहिकका खेमप्रसाद वोलखे वताउनु हुन्छ। *प्रयास* साप्ताहिकमा विगतमा १०-१२ वटा अङ्कहरूमा कार्टुन दिइएको तर उल्लिखित समस्याका कारणले हाल वन्द गरिएको उहाँको भनाइ छ। त्यस्तै फोटोहरू पनि कुनै पत्रिकामा प्रकाशित हुने गरेका नै छैनन् भने कुनै कुनै पत्रिका जस्तै *प्रभातकालीन, प्रयास, कुराकानी* आदिमा भने विशेष सभा समारोहको मात्र फोटोहरू छापिने गरेका छन्। यसको कारण पनि उत्कृष्ट फोटो पत्रकारको अभाव रहेको तथा सम्वाददाताहरूले कम गुणस्तरको क्यामेरा प्रयोग गरेर खिचिएका फोटोहरू राम्रो नहुने र त्यसमाथि पनि प्रेसमा काम गर्ने प्राविधिक दक्ष नहुनाले फोटो अस्पष्ट आउने गरेको वताइन्छ। त्यसैले गर्दा आफ्नो पत्रिकामा नियमित रूपमा फोटो छाप्न नसकिएको साझा तर्क *प्रभातकालिन* दैनिकका सहयोगी सम्पादक दिनेश न्यौपाने तथा *प्रयास*का सहयोगी सम्पादक खेमप्रसाद वोलखेको छ।

यस वाहेक *कुराकानी* साप्ताहिकले पाठकहरूले पठाएका साहित्यिक रचना (कथा, कविता, मुक्तक आदि) प्रकाशित गर्ने उद्देश्यले तेस्रो पेजमा साप्ताहिक रूपमा 'साहित्य शृङ्खला' प्रकाशित गरेको देखिन्छ भने अन्य पत्रिकामा यसरी साहित्यिक सामग्रीहरूलाई शृङ्खलावद्ध रूपमा प्रसारित गरेको पाइन्न।

**जनशक्ति**

यस क्षेत्रका पत्रिकाहरूमा प्रायः ३-६ जनासम्मको सम्पादक समूह रहेको देखिन्छ। जसमा प्रधानसम्पादक, सम्पादक, सहयोगी सम्पादक, व्यवस्थापक तथा प्रकाशक रहेका छन्। कुनै-कुनै पत्रिकामा सल्लाहकार तथा कानुनी सल्लाहकार पनि राखिएको पाइन्छ। त्यसै गरी प्रेस प्रतिनिधि कार्ड प्राप्त गरेका सम्वाददाताहरू ३ देखि ६ जनाको सङ्ख्यामा हरेक प्रकाशनमा रहेको वताइन्छ। *प्रभातकालीन* दैनिकले जिल्लाका

विभिन्न स्थानमा ६ जना सम्वाददाताहरू खटाएको छ। जिल्लावाहिरको लागि भने चण्डेश्वरी प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पत्रिका *साप्ताहिक जनसत्ता*का प्रतिनिधिहरू मार्फत समाचार प्राप्त गर्ने गरिएको सहयोगी सम्पादक न्यौपाने वताउनु हुन्छ। यस पत्रिकामा वितरणको लागि ६ जना हकरहरू रहेको वताइन्छ। तर साप्ताहिक पत्रिकाहरूमा भने हकरको व्यवस्था गरिएको पाइन्न। ती पत्रिकाहरूमा सम्पादक समूहमा रहेका व्यक्तिहरूले नै वितरण कार्य पनि गर्दै आएको वताइएको छ।

जातीय तथा लिङ्गीय प्रतिनिधित्वको हिसावले हेर्दा यस क्षेत्रको पत्रपत्रिकामा दलित, जनजाति तथा महिलाको सहभागिता अत्यन्त न्यून रहेको छ। २०५७ सालमा 'सामाजिक विकास तथा अनुसन्धान केन्द्र' ले गरेको अध्ययन लाई हेर्दा पनि यो कुरा प्रमाणित हुन आउँछ। त्यसवेला यहाँवाट प्रकाशित भैरहेका पत्रपत्रिका मध्य ५ ओटा साप्ताहिक : *वलिदान, हेटौंडा पोस्ट, प्रयास, मधुपत्र* र *हेटौंडा वा.पौ.* तथा एउटा मासिक पत्रिका *जनमूखी* को सम्पादक समूह (सम्पादक मण्डल, सम्वाददाता र लेआउट तर्फका मानिसहरूको समूह) का जम्मा ३० जना मध्ये ६ जना (२०%) जनजाति तथा १ जना (३.३३%) महिलाको सहभागिता रहेको यो अध्ययनले देखाएको छ। दलितको प्रतिनिधित्व शून्य देखिएको छ भने जनजातिमा पनि सवै नेवार जनजाति रहेका छन्। अर्थात् गैर नेवार जनजातिको प्रतिनिधित्व छैन। यसरी दुई तिहाईभन्दा वढी जनजातिको वसोवास रहेको यस जिल्लामा पत्रकारिताको क्षेत्रमा भएको यो न्यून उपस्थिति पत्रकारिता जगतका लागि राम्रो संकेत होइन (पराजुली र गौतम २०५८)। अझ दुःखद कुरा यस जिल्लामा सवभन्दा वढी जनसङ्ख्या भएको तामाङ जनजातिको समेत प्रतिनिधित्व शून्य देखिएको छ। यसरी व्राह्मण, क्षेत्री र नेवार वाहेक अन्य जनजाति तथा दलितको प्रतिनिधित्व सञ्चार माध्यममा नहुनुको प्रमुख कारण चेतनाको अभाव हो। यस जिल्लामा यी जनजाति तथा दलितहरू आर्थिक, सामाजिक तथा शैक्षिक, हरेक हिसावले पछाडि परेका छन्। भौगोलिक हिसावले पनि सुविधा सम्पन्न सहरी इलाकाहरूमा उनीहरूको वसोवास ज्यादै न्यून छ। जिल्लाका दुर्गम स्थानहरूमा वसोवास गरेका कारण उनीहरू हरेक अवसरवाट वञ्चित रहेका छन्। त्यसैले यी जनजाति तथा दलित समुदायभित्र उच्च वौद्धिक स्तर भएका व्यक्तिहरूको जमात अत्यन्त सानो छ। जसले गर्दा एकातिर पत्रिका वा रेडियोमा उनीहरूको प्रतिनिधित्व नै हुन सकेको छैन भने अर्कोतिर ती जनजातिहरूले वोल्ने मातृभाषामा न त कुनै पत्रपत्रिका प्रकाशित भएका छन् न कुनै कार्यक्रम नै स्थानीय रेडियोमा वजेको सुनिन्छ।

कर्मचारीलाई विना पारिश्रमिक नै काममा लगाएको देखिन्छ। *प्रयास* साप्ताहिकमा आफ्ना ३ जना कर्मचारीहरू व्यवस्थापक सहयोगी सम्पादक र १ जना वितरकलाई मासिक रूपमा पारिश्रमिक प्रदान गर्ने गरिएको वताइन्छ। पारिश्रमिक रू. १५०० देखि २५०० सम्म रहेको कुरा यसका सहयोगी सम्पादक खेमप्रसाद वोलखे वताउनुहुन्छ। अर्को साप्ताहिक पत्रिका *कुराकानी*ले आफ्नो एकजना मात्र कर्मचारीलाई स्टेसनरी खर्च भनेर रू. १०००।– मासिक रूपमा प्रदान गर्ने गरेको छ। *प्रभातकालीन* दैनिकले भने हकर वाहेक अन्य कर्मचारीलाई प्रकाशन सुरु भएको २

महिनासम्म स्वयंसेवकको रूपमा र त्यसपछि मात्र परिश्रमिक निर्धारण गर्ने नीति लिएको वताइन्छ। तर ४ महिना वितिसक्दा पनि पारिश्रमिक निर्धारण गर्ने तथा प्रदान गर्ने नगरिएको यहाँ कार्यरत एक जना कर्मचारी वताउँछन्। हकरहरूको पारिश्रमिक कति हो भन्ने वारे भने थाहा हुन सकेन। यसरी विना पारिश्रमिक पनि काम गर्नुमा प्रायः पत्रकारहरूले पत्रकारितालाई पेसाभन्दा पनि सोखको रूपमा लिएकोले हो। यहाँ दामको लागि भन्दा पनि नामको लागि पत्रकारिता गर्ने पत्रकारहरू वढी छन्। दोस्रो कारणमा पत्रिकामा परिवारवाद भएकाले पनि हो। पत्रिकामा एउटै परिवारका व्यक्तिहरूले विभिन्न जिम्मेवारी लिई पत्रिका चलाउने र आफूले नभ्याएमा मात्रै एक दुई जना कर्मचारी राख्ने गरिएको पनि देखिन्छ। *कुराकानी* साप्ताहिकलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। कुनै कुनै पत्रिकाले अन्य पारिश्रमिक नदिने तर विज्ञापन खोजेर ल्याएमा भने विज्ञापन रकमको केही प्रतिशत प्रदान गर्ने गरिएको छ। उदाहरणको लागि *वलिदान* साप्ताहिक (हाल वन्द) ले विज्ञापन ल्याउने कर्मचारीलाई ४०% कमिसनस्वरूप प्रदान गर्ने गरेको कुरा यसका विशेष सम्वाददाता अर्पण पराजुली वताउनुहुन्छ। आफ्ना सम्वाददातालाई यस पत्रिकाले हुलाक खर्च र स्टेशनरी खर्च भने प्रदान गर्ने गरेको थियो।

शैक्षिक योग्यतालाई हेर्दा यहाँका पत्रकारहरूमा धेरै जसो एसएलसीदेखि प्रमाणपत्र तह उत्तीर्ण गरेका र थोरै सङ्ख्यामा मात्र स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरेका पत्रकारहरू रहेको नेपाल पत्रकार महासङ्घ, मकवानपुरका सचिव भानुभक्त आचार्य वताउनुहुन्छ।

प्रायः पत्रिकाहरूमा कार्यरत जनशक्तिले पत्रकारिता सम्वन्धी औपचारिक (लामो अवधिको) तालिम लिएका अथवा अध्ययन गरेका छैनन्। स्थानीय स्तरमा वेला-वखत सञ्चालन हुने गरेका छोटो अवधिका तालिम तथा गोष्ठीहरूमा भने धेरै जसो पत्रकारहरू पटक-पटक सहभागी भएका छन्। स्थानीय क्षेत्रमा पत्रकारितासम्वन्धी तालिम दिने संस्था छैन। तालिम प्राप्त गर्न काठमाडौं पुग्नु पर्ने वाध्यता छ। यसकारण ठूलो आर्थिक भार व्यहोर्नु पर्ने हुनाले दक्षता अभिवृद्धि गराउनको लागि आफ्नो जनशक्तिलाई तालिममा पठाउन यहाँका प्रकाशनहरू सक्षम छैनन्। दक्षता अभिवृद्धिको लागि सहयोगी वन्न सक्ने पुस्तकालय, इमेल तथा इन्टरनेटको सुविधा पनि यहाँका पत्रिकाहरूले दिन सकेका छैनन्। *प्रभातकालीन* दैनिकले भने आफ्नो प्रकाशनमा इमेल तथा इन्टरनेटको सुविधा उपलव्ध गराएको छ।

### लगानी

पत्रपत्रिका प्रकाशन होस् अथवा रेडियो सञ्चालन, कुनै पनि व्यक्ति वा संस्थाको लगानी विना यो सम्भव हुँदैन। पत्रपत्रिकामा लगानी गर्ने सवालमा यहाँ संस्थागत पहल भएको देखिँदैन। प्रकाशित सवै पत्रिकाहरू एकै व्यक्तिको लगानीमा सञ्चालित छन्। विगतमा प्रकाशन भई वन्द भइसकेका तथा हाल प्रकाशित सवैजसो यहाँका पत्रपत्रिकाहरू लगानीकर्ताकै सम्पादनमा प्रकाशित भएको देखिन्छ। मध्यमाञ्चल संस्करणको रूपमा रहेको *प्रभातकालीन* दैनिकमा भने अलि फरक किसिमको

संरचना छ। अर्थात् यसका लगानीकर्ता वेदाङ्ग अर्याल भए पनि न्हुच्छेमान श्रेष्ठको सम्पादनमा उक्त पत्रिका प्रकाशित हुने गर्दछ। *प्रयास* साप्ताहिकका कौशल पाण्डेको कथन छ, "पत्रिका चलाउन आफ्नो पकेटबाटै पैसा निकाल्न परेपछि कसरी यसलाई पेसा मान्नु?" पाण्डे पेशाले शिक्षक हुनुहुन्छ भने *प्रयास* साप्ताहिकको लगानीकर्ता तथा सम्पादक पनि हुनुहुन्छ। वरू घाटा खाएर पनि समाजलाई केही मात्रामा सु-सूचित गराउने उद्देश्यले नै पत्रिका प्रकाशन गरिरहेको उहाँको कथन छ। यस्तै विचार *कुराकानी* साप्ताहिकका प्रकाशक दीपकप्रसाद श्रेष्ठको रहेको छ। श्रेष्ठ एक व्यवसायी हुनुहुन्छ। उहाँ हाल स्टेसनरी र अफसेट प्रेस सञ्चालन गरेर वस्नुभएको छ। यसरी यहाँ पत्रिका चलाउने लगानीकर्ताहरू पत्रिकामा लगानी गरेर त्यसैवाट जीवननिर्वाह गर्न नसक्ने भएकै कारण प्रमुख पेसाको रूपमा अन्य जागिर खान तथा व्यापार व्यवसाय गर्न वाध्य भएका देखिन्छन्। अर्को शव्दमा भन्नु पर्दा इच्छा भएर पनि पत्रकारितालाई पूर्ण पेसाको रूपमा अपनाउन सकेको देखिंदैन। भर्खरै मात्र प्रकाशन वन्द भएको *वलिदान* साप्ताहिकमा सम्पादक ध्रुवप्रसाद चौलागाईको लगानी रहेको थियो। उहाँ पेसाले अधिवक्ता हुनुहुन्छ। सञ्चालन खर्च उठाउन नसकेकै कारण उक्त पत्रिका वन्द गर्नुपरेको कुरा यसका कार्यकारी सम्पादक रामकुमार एलन वताउनु हुन्छ।

मध्यमाञ्चल संस्करणको रूपमा प्रकाशित भएको *प्रभातकालीन* दैनिकमा काठमाडौंस्थित चण्डेश्वरी प्रकाशन प्रा.लि.ले कुनै किसिमको आर्थिक भार वहन गर्नु पर्दैन। तर दुवै स्थानको लगानीकर्ताहरूवीच समन्वय गरी भविष्यमा यसलाई संस्थागत गर्ने लक्ष्य रहेको कुरा सहयोगी सम्पादक दिनेश न्यौपाने वताउनुहुन्छ।

यहाँका सवै पत्रपत्रिकाहरू अफसेट प्रेसमै छापिने गरेका छन्। तर *कुराकानी* साप्ताहिक तथा *हेटौंडा वा.पौ.* वाहेक अन्य पत्रिकाको आफ्नो प्रेस छैन। हाल यहाँ प्रकाशित सवै पत्रपत्रिकाहरू एउटै प्रेस, 'आफ्नै अफसेट प्रेस'मा छापिने गरेका छन्। *कुराकानी* तथा *हेटौंडा वा.पौं* एकै व्यक्ति दीपकप्रसाद श्रेष्ठको लगानीमा सञ्चालित छन्। पूँजीको अभावका कारण अन्य पत्रपत्रिकाका सञ्चालक (प्रकाशक) हरूले अहिलेसम्म प्रेस राख्ने सोच वनाएका छैनन्। हेटौंडामा अहिले ४ ओटा अफसेट प्रेस छन्। *प्रयास* साप्ताहिक तथा *प्रभातकालीन* दैनिक वाहेक अन्य पत्रिकाको छुट्टै कार्यालय देखिन्न। आ-आफ्नै घरलाई नै पत्रिकाको कार्यालयको रूपमा पनि प्रयोग गरेको पाइन्छ। सञ्चालन लागत भनेको यहाँका पत्रपत्रिकाहरूमा मुख्य गरेर न्युज प्रिन्टको लगि लाग्ने खर्च हो। यस वाहेक कार्यालय स्थापना गर्नेहरूको लागि कोठा भाडा, विद्युत् तथा टेलिफोन महसुल र कसै-कसैले कर्मचारीलाई न्यून रूपमा भए पनि पारिश्रमिक प्रदान गर्ने गरेको देखिन्छ। *कुराकानी* तथा *हेटौंडा वा.पौ.*का लगानीकर्ता दीपकप्रसाद श्रेष्ठका अनुसार यी पत्रिकाहरूको प्रति अङ्क औसतमा रू २/२ हजार लागत रहेको छ। त्यसैगरी औसतमा रू. ३०००।- प्रति अङ्कको लागि खर्च लाग्ने गरेको *प्रभातकालीन दैनिक*का लगानीकर्ता वेदाङ्ग अर्याल वताउनुहुन्छ। पत्रिका प्रकाशन सुरु भएको साढे चार महिना (असार १६ - मङ्सिर १) सम्ममा पूँजीगत र सञ्चालन लागत गरी रू. ४ लाख ५० हजार खर्च भएको अर्यालको दावी छ। यी पत्रिकाहरूले

लेखक तथा कर्मचारीहरूलाई पारिश्रमिक प्रदान गर्ने गरेका छैनन्। यसरी हेर्दा एक अङ्कमा ५०० प्रति प्रकाशित हुने *कुराकानी* साप्ताहिक जुन वर्षमा साधारणतया ४८ अङ्क प्रकाशित हुने गर्दछ, को वार्षिक लागत रू. ९६ हजार रहेको देखिन्छ। उता हरेक दिन २५ सय प्रति प्रकाशित हुने भनिएको *प्रभातकालीन* दैनिक, जुन वर्षमा ३५० दिन प्रकाशित हुन्छ (१५ दिन दशैं तथा तिहार विदा भनेर मान्ने हो भने)को रू. १०,५०,००० वार्षिक सञ्चालन लागत लाग्ने देखिएको छ। माथिको आँकडालाई विचार गरेर सोच्ने हो भने यो अत्यन्तै न्यून लागत हो। यस्तो किसिमको लगानी कै कारण पत्रिका राम्रोसँग सञ्चालन हुन नसकेको देखिन्छ किनकि यहाँ कर्मचारी, लेखक आदिलाई प्रोत्साहन छैन। *कुराकानी* मात्र होइन अन्य साप्ताहिक पत्रपत्रिका जो बन्द भइसकेका छन् वा हाल चालु रहेका छन् तिनीहरूको पनि स्थिति यस्तै नै रहेको अनुमान गर्न सकिन्छ।

हेटौंडाकै सन्दर्भमा यदि राम्रो हिसावले पत्रिका सञ्चालन गर्ने हो भने कम्तिमा पनि दैनिकपत्रिकाका लागि वार्षिक रू. १८,४२,०००।- र साप्ताहिकका लागि रू. ४,४४,०००।- सञ्चालन खर्चलाग्ने अनुमान गर्न सकिन्छ।[२]

**विज्ञापन बजार**

पत्रपत्रिकाको विक्री वितरणले मात्र यसको सञ्चालन लागत उठ्न सम्भव हुँदैन। यसको लागि विज्ञापनमा भर पर्नु पत्रपत्रिकाको लागि निर्विकल्प उपाय हो। यसकारण पत्रपत्रिका प्रकाशनमा विज्ञापन मेरूदण्डको रूपमा रहने गर्दछ। व्यावसायिक उद्देश्य लिएर पत्रपत्रिका प्रकाशन गर्ने हो भने सर्वप्रथम विज्ञापन वजारको अवलोकन गर्नु पर्ने हुन्छ। साथै विज्ञापनदाताहरूको विश्वास जितेर विज्ञापन बजार प्रवर्द्धन गर्नको लागि उचित रणनीति अवलम्वन गर्नुपर्दछ।

अहिलेको अवस्थामा हेटौंडावाट प्रकाशित पत्रिकाहरूको लागि विज्ञापन वजार त्यति फराकिलो देखिँदैन। स्थानीय क्षेत्रमा करिव ३७ ओटा उद्योगहरू सञ्चालन भैरहेका छन्। यहाँका धेरैजसो उद्योगहरूको आर्थिक अवस्था कमजोर रहेको कारण मिडियाले त्यति धेरै विज्ञापन पाउन सकेको देखिन्न। नाफामा सञ्चालित भइरहेका केही राष्ट्रिय तथा वहुराष्ट्रिय कम्पनीहरूको पनि उत्पादन मात्र त्यहाँ हुने तर कार्यालय काठमाडौंमा रहेको हुँदा एउटा विज्ञापन पाउन त्यहाँसम्म धाउनु पर्ने अवस्था रहेको कुरा *हेटौंडा पोस्ट* साप्ताहिक (हाल वन्द) का व्यवस्थापक तथा नेपाल पत्रकार महासङ्घ मकवानपुरका सचिव भानुभक्त आचार्य वताउनुहुन्छ। त्यसमाथि पनि विक्री वितरण धेरै मात्रामा नहुने भएका कारण स्थानीय पत्रपत्रिकातर्फ विज्ञापन दाताहरूको आकर्षण देखिन्न। सकेसम्म विज्ञापनको दिनका लागि विज्ञापनदाताले धेरै ग्राहक भएको तथा धेरै स्थानमा पुग्न सक्ने राष्ट्रिय पत्रिकाहरू नै छान्ने गरेका छन्। विज्ञापनका लागि स्थानीय विद्युतीय सञ्चार माध्यमसँग प्रतिस्पर्धा गर्नुपरेका कारण पनि यहाँका पत्रिकाहरूलाई आर्थिक कठिनाइ परेको वताइन्छ। विद्युतीय सञ्चार माध्यमको रूपमा यहाँ *मनकामना एफएम* तथा एक केवल टेलिभिजन *सिटी केवल*

रहेका छन्। सस्तो दरमा विज्ञापन प्रसारण गरिदिने हुनाले पनि रेडियो र केवल टिभीमा विज्ञापन दाताहरू आकर्षित हुने गरेको यहाँका पत्रिका प्रकाशकहरूको भनाई छ। अझ दैनिक पत्रिका प्रकाशित हुन थालेपछि त झन् यहाँका साप्ताहिक पत्रिकाहरूको अस्तित्त्व नै सङ्कटमा पर्न थालेको छ। यसै दैनिकका सहयोगी सम्पादक आफ्नो पत्रिका प्रकाशन हुन थालेपछि दुईओटा साप्ताहिक पत्रिका *हेटौंडा पोस्ट* तथा *मधुपत्र*को प्रकाशन वन्द भएको दावी गर्नुहुन्छ। तर आफ्नो पत्रिका वन्द हुनुमा आर्थिक अभाव प्रमुख कारण भए पनि उक्त अभाव *प्रभातकालीन* दैनिकको प्रकाशन पश्चात मात्र सिर्जिएको नभै त्यस भन्दा पहिले देखि नै रहेको वताउनुहुन्छ *मधुपत्र*का व्यवस्थापक विष्णु दङ्गाल तथा *हेटौंडा पोस्ट*का व्यवस्थापक भानुभक्त आचार्य। यस वाहेक पुरा समय दिएर खट्ने जनशक्तिको अभाव रहेका कारण पनि पत्रिका वन्द गर्नुपरेको तर्क व्यवस्थापक दङ्गालको छ।

प्रकाशनको छोटो अवधिमै *प्रभातकालीन* दैनिकले विज्ञापनदताहरूको मन जित्न थालेको कुरा यसमा प्रकाशित विज्ञापनहरूले देखाएका छन्। यसको प्रमुख कारण एक त यसले अरू प्रकाशनको भन्दा वढी कर्मचारीहरू खटाएको छ भने विक्री वितरण पनि अरू भन्दा वढी छ। त्यस्तै स्थानीय विज्ञापन एजेन्सी कन्ट्याक्ट अस प्रा.लि.का सञ्चालक विधान रिजाल यस पत्रिकामा व्यवस्थापकको जिम्मेवारी सम्हालेर वसेका कारण विज्ञापन पाउन केही सजिलो हुन गएको देखिन्छ। विज्ञापन दाताहरूलाई सम्झाएर सकेसम्म *प्रभातकालीन*मा नै उनीहरूको विज्ञापन प्रकाशन गर्ने गरिएको कुरा रिजाल वताउनुहुन्छ।

यस क्षेत्रमा खासगरी विज्ञापनका स्रोतहरू भनेको नारायणी यातायात व्यवसायी सङ्घ, स्थानीय चलचित्र भवन, वित्तीय संस्थाहरू (सहकारी फाइनान्स) तथा सरकारी स्रोत अन्तर्गत नगरपालिका तथा जिल्ला विकास समिति, विद्युत् प्राधिकरण, जिल्ला वन कार्यालय आदि रहेका छन्। त्यस्तै स्थानीय सामाजिक संस्था तथा क्लवहरू पनि विज्ञापनको एउटा स्रोतको रूपमा रहेको देखिन्छ। यी विज्ञापन स्रोतहरूवाट विज्ञापन पाउन सञ्चार माध्यम, अझ खासगरी पत्रपत्रिकाका प्रतिनिधिहरू आफैं धाउनुपर्ने हुन्छ। उनीहरू चासो दिएर विज्ञापन दिन आउने गर्दैनन्। यहाँ व्यक्तिगत विज्ञापन पनि पत्रपत्रिका वा रेडियोको लागि स्रोतको रूपमा रहेको देखिन्छ। त्यस्ता विज्ञापनमा प्रायः वधाइ, समवेदना तथा शुभकामना सन्देशहरू पर्ने गर्दछन्।

यहाँका पत्रपत्रिकाहरू वाँच्ने एउटा मुख्य आधार भनेको मौसमी विज्ञापनहरू हुन्। मुख्य गरेर दशैं, तिहार, प्रजातन्त्र दिवस, राजारानीको जन्मोत्सव तथा नयाँ वर्ष आदि अवसरहरूमा विभिन्न व्यक्ति, सङ्घ-संस्था तथा कार्यालयहरूवाट पत्रपत्रिका मार्फत जनसमुदायमा शुभकामना व्यक्त गर्ने परम्परा छ। यस्ता अवसरहरूमा विज्ञापन वापत सङ्कलन हुने रकमले नै वर्षभरिको सञ्चालन खर्च धान्न सहयोग पुग्ने गरेका कुरा वताइन्छ। *कुराकानी* तथा *हेटौंडा वा.पौ.*का प्रकाशक दीपक श्रेष्ठका अनुसार यस्ता सवै अवसरहरू गरेर *कुराकानी* साप्ताहिकमा वार्षिक रू. ४०-५० हजार वरावरको विज्ञापन रकम सङ्कलन हुने गरेको छ।

मकवानपुर जिल्लामा स्कूल तथा कलेज गरी झण्डै ४४० वटा निजी तथा सरकारी शैक्षिक संस्थाहरू रहेका भए पनि तिनीहरू सञ्चारमाध्यमका लागि

विज्ञापनको राम्रो स्रोत वन्न सकेका छैनन्। सरकारी स्कूलहरूमा विज्ञापनका लागि वजेटको अभाव हुनु तथा विद्यालय प्रशासनले विज्ञापनको लागि कुनै चासो नदेखाउनु एउटा कारण हो। त्यस्तै निजी शैक्षिक संस्थाहरूले पनि खासगरी विद्यार्थी भर्नाको समयमा मात्र विज्ञापन दिने गरेको देखिन्छ। आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक तथा हेटौंडा स्कूल अफ मेनेजमेण्ट (१० + २) का संयोजक पुरन जोशी उच्च माविमा विद्यार्थी भर्नाको समयमा स्थानीय पत्रपत्रिका वा रेडियोमा विज्ञापन दिइने गरेको वताउनु हुन्छ। आधुनिक माविको तर्फवाट चाहिँ वजेटको अभावका कारणले त्यति विज्ञापन दिने गरिएको छैन। नव वर्ष तथा विजया दशमीमा चाहिँ स्कूल तथा कलेज (१० + २) दुवैको तर्फवाट रेडियो तथा पत्रपत्रिकाहरू मार्फत शुभकामना प्रदान गर्ने गरिएको कुरा उहाँ वताउनुहुन्छ।

हेटौंडामा विज्ञापन एजेन्सी २ ओटा रहेका छन्। ती 'कन्ट्याक्ट अस प्रा.लि.' र 'लोटस एड्भर्टाजिङ एजेन्सी' हुन्। विज्ञापन दाताहरूले एजेन्सी मार्फत उल्लेख्य रूपमा विज्ञापन दिने गरेको पाइन्न। राष्ट्रिय पत्रपत्रिकाहरू जस्तैः *कान्तिपुर, राजधानी, स्पेसटाइम दैनिक, नेपाल समाचारपत्र* आदिमा दिइने विज्ञापन केही मात्रामा एजेन्सी मार्फत आए पनि स्थानीय रेडियो वा पत्रपत्रिकामा दिनको लागि अति कम मात्र आउने गरेको विधान रिजाल वताउनुहुन्छ। आफ्नो एजेन्सी मार्फत काठमाडौंका एफएमहरू *कान्तिपुर, हिट्स* तथा *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*मा पनि विज्ञापन जाने गरेको उहाँ वताउनुहुन्छ। स्थानीय *मनकामना एफएम*ले सम्झौता गरेको भन्दा पनि कम दरमा सिधै विज्ञापन दाताहरूसँग विज्ञापन लिएर प्रसारण गर्ने तथा काठमाडौंका पत्रपत्रिकाहरूमा सुरुमै रकम वुझाउनु पर्ने हुँदा आफूहरू अप्टेरोमा परेको रिजाल वताउनु हुन्छ। विज्ञापनको कारोवार मात्र गरेर यहाँ एजेन्सीहरू वाँच्न सक्ने स्थिति छैन। त्यसकारण एजेन्सीहरूले हेटौंडा आएका पर्यटकहरूलाई वस, गाइड तथा होटल सेवाहरू उपलव्ध गराउने जस्ता कार्यहरू पनि सञ्चालन गरेको देखिन्छ। मकवानपुरमा विज्ञापनको वार्षिक आयतन कति हो भनेर अनुमान वा अन्दाज लगाउन सकिने स्थिति छैन। कारण विज्ञापनहरू सञ्चार माध्यममा विभिन्न पुगेका हुन्छन्। कसैले सोझै पत्रपत्रिका, रेडियो वा टि.भी.मा सम्पर्क गरेर दिने गर्दछन् भने कसैले ती सञ्चार माध्यमका प्रतिनिधि मार्फत त कसैले एजेन्सी मार्फत। यसकारण यी सवैलाई समेटेर विज्ञापनको आयतन निकाल्न निश्चय नै गाह्रो छ।

## २. रेडियो

निजी क्षेत्रले रेडियो सञ्चालन गर्ने अनुमति प्राप्त गरेपछि नेपालका विभिन्न जिल्लाहरूमा एफएम रेडियो स्टेसनहरू देखा पर्न थाले। यसै सिलसिलामा मकवानपुर जिल्लामा पनि *मनकामना एफएम प्रा.लि.*को नाममा एफएम रेडियोको स्थापना भएको छ। ९२.९ मेगाहर्जमा वज्ने यो रेडियो काठमाडौं उपत्यकावाहिर खुलेको पहिलो व्यावसायिक एफएम हो। नारायणी अञ्चललाई लक्षित प्रसारण क्षेत्र मानिएको यस रेडियोको प्रसारण क्षमता ५०० वाट रहेको छ। सुरुमा १४० फिट अग्लो टावर

रहेकोमा वैसाख २०५८ मा हुरी वतासका कारण टावर भाँचिन गएको थियो। अहिले पुनः मर्मतपछि ८० फिट उचाइ रहेको छ। हेटौंडा नगरपालिका वार्ड नं. ९ स्थित लामसुरे हाइटमा अवस्थित यस रेडियोले २०५७ साउन ३१ गतेदेखि आफ्नो परीक्षण प्रसारण सुरू गरेको हो।

## प्रसारणको भूगोल

नारायणी अञ्चललाई आफ्नो लक्षित प्रसारण क्षेत्र वनाएको *मनकामना एफएम*को प्रसारण आंशिक रूपमा अन्य ९/१० ओटा जिल्लाहरूसम्म पुग्ने गरेको वताइन्छ। आफ्नो रेडियोमा विभिन्न जिल्लाका स्रोताहरूले पत्रमार्फत सुझाव सल्लाह पठाएको आधारमा जम्मा १४ ओटा जिल्लाहरूमा प्रसारण पुगेको दावी समीर नेपालको छ। ती जिल्लाहरूमा नारायणी अञ्चलका पाँचवटै जिल्लाहरू मकवानपुर, रौतहट, वारा, पर्सा र चितवन रहेका छन् भने अन्य जिल्लाहरूमा सर्लाही, नवलपरासी, रूपन्देही, पर्वत, स्याङ्जा, वाग्लुङ, म्याग्दी, पाल्पा र सिन्धुली रहेका छन्।

यसरी नारायणी अञ्चलका ५ ओटै जिल्लाका सवै स्थानहरूमा स्पष्टसँग सुन्न सकिने तथा माथि उल्लिखित जिल्लाका उच्च भेगहरूमा सुन्न सकिने कुरा उहाँ वताउनुहुन्छ। नेपालका अनुसार मनकामना एफएमका स्रोताहरूको सङ्ख्या करिव २५ लाख छ। यो सङ्ख्याको आधार के हो भन्दा उहाँ भन्नुहुन्छ, "पूरै क्षेत्रमा प्रसारण पुगेको जिल्लाहरूमा जम्मा जनसङ्ख्याको ६०-६५ प्रशितशत स्रोताहरू भएको र आंशिक रूपमा प्रसारण पुगेका जिल्लाहरूमा जनसङ्ख्याको ३०-३५ प्रतिशत स्रोताहरू भएको अनुमान गरेका छौं।" पहिले १४० फिट अग्लो टावर भएको वेलामा यस एफएमको प्रसारण पहुँच जति थियो हाल ८० फिट उचाइको टावर हुँदा पनि त्यसमा खासै परिवर्तन नभएको कुरा नेपाल वताउनुहुन्छ। तर सवै भेगहरूमा प्रसारण स्पष्ट सुन्न सकिने भनी दावी गरिएको चितवन जिल्लालाई मात्र उदाहरणको रूपमा हेर्ने हो भने पनि १४० फिट उचाइको टावर हुँदा प्रसारण पुगेका नारायणगढ लगायत पश्चिम चितवनका रामपुर, शारदानगर, दिव्यनगर जस्ता धेरै स्थानमा हाल यो एफएम सुन्न नसकिएको कुरा त्यहाँका वासिन्दाहरूले वताएका छन्। आफूले ३०-४० हजारको रेडियोमा एन्टेना जोडेर चार तले घरको छतमा उक्त एन्टेना राखी पोखराका ४ ओटै एफएम र *मनकामना एफएम* सुन्ने गरेको वताउने नारायणगढका स्रोता लवि मल्ल भन्नुहुन्छ "सवैले यसरी रेडियो सुन्नु पर्ने हो भने त्यसलाई कसरी प्रसारण पुगेको क्षेत्र भनेर मान्ने? १०० रूपैयाँको रेडियो हातमा वोकेर हिंड्दा सुन्न सकियो भने पो प्रसारण पुग्ने क्षेत्र भन्न सकिन्छ।" साँच्चै नै अहिले नारायणगढ वजारमा *मनकामना एफ.एम.* स्पष्ट सुन्न सकिएको छैन। पूरै क्षेत्रमा प्रसारण पुगेको भनिएको जिल्लाको स्थिति यस्तो छ भने आंशिक रूपमा प्रसारण पुगेको जिल्लाहरू जुन रेडियो स्टेसनवाट धेरै टाढा रहेका छन्, मा ३०-३५ प्रतिशत स्रोता छन् भन्ने अनुमान त्यति विश्वसनीय मान्न सकिन्न। यसकारण करिव २५ लाख अनुमानित स्रोता छन् भन्ने कुरामा पनि शङ्का गर्नुपर्ने देखिन्छ।

**प्रसारित कार्यक्रम**

सञ्चार मन्त्रालयवाट दैनिक २० घण्टाको प्रसारण अनुमति प्राप्त गरेको यस रेडियोले अहिले विहान ६:०० वजे देखि राती १०:०० वजेसम्म दैनिक १६ घण्टा निरन्तर रूपमा कार्यक्रम प्रसारण गर्ने गरेको छ। दैनिक ९ घण्टे प्रसारणवाट सुरु गरेर वीचमा केही समय १२ घण्टा दैनिक प्रसारण गर्ने गरेकामा २०५८ कार्तिक १ गते देखि १६ घण्टा प्रसारण हुन थालेको हो।

सुरु सुरुमा प्रसारण अवधिको झण्डै ९० प्रतिशत समय मनोरञ्जनात्मक कार्यक्रमको लागि दिइएको तथा वाँकी समय सूचना तथा समाचारमूलक कार्यक्रमको लागि दिइएको थियो। हाल सूचनामूलक कार्यक्रमलाई वढाउँदै लगिएको छ। समीर नेपाल भन्नुहुन्छ, "अहिले मनोरञ्जनात्मक र सूचनामूलक कार्यक्रम क्रमशः ६० र ४० प्रतिशतको अनुपातमा प्रसारण गर्ने गरेका छौं। हाम्रो लक्ष्य भनेको दुवै खाले कार्यक्रमहरूको प्रसारण वरावर रूपमा गर्ने हो।" उहाँको थप भनाइ छ। "व्यावसायिक रेडियो भए पनि नाफा आर्जन गर्नेतर्फ मात्र नलागी समाजलाई सुसूचित गराउने कर्तव्य तर्फ पनि हामी सचेत छौं।" यहाँ अहिले प्रायः विहान तथा वेलुकाको समयमा सूचनामूलक कार्यक्रम र दिनभरि मनोरञ्जनात्मक कार्यक्रम प्रसारण हुने गरेको पाइन्छ।

सूचनामूलक कार्यक्रमहरूमा स्वास्थ्यसम्वन्धी जानकारी दिने कार्यक्रम 'स्वास्थ्य चर्चा' कम्प्युटर वेभ साइटको वारेमा जानकारी दिने कार्यक्रम 'च्याट डट कम' साहित्यिक कार्यक्रम 'विहानी यात्रा' तथा 'शव्द सरिता', प्रकाशित विभिन्न पुस्तकहरूका वारेमा जानकारी दिने कार्यक्रम 'रेडियोमा पुस्तक', समसामयिक विषयहरूको वारेमा सम्वन्धित विशेषज्ञसँगको छलफल र स्रोताहरूको जिज्ञासासमेत समेटिएको कार्यक्रम 'डवली', कृषि विषयमा जानकारी दिने कार्यक्रम 'कृषिदर्पण', नेपाल भाषाको कार्यक्रम 'एफएम स्वनिगः', भाषा तथा संस्कृतिसम्वन्धी कार्यक्रम 'आलोपालो' आदि रहेका छन्। समाचारमूलक कार्यक्रमहरूमा 'हालखवर', 'काया कैरन' तथा 'स्थानीय निकाय रेडियो कार्यक्रम' छन्।

यी कार्यक्रमहरूमध्ये 'रेडियोमा पुस्तक' साप्ताहिक कार्यक्रम हो जुन हरेक विहिवार राती ८ वजे देखि ८:२० सम्म प्रसारण हुने गर्दछ। यस कार्यक्रम मार्टिन चौतारी र कम्युनिकेसन कर्नर, काठमाडौंद्वारा संयुक्त रूपमा उत्पादित हुने गरेको छ। यो कार्यक्रम पोखराको *माछापुच्छ्रे एफएम* र सुनसरीको *सप्तकोसी एफएम*मा पनि प्रसारण हुने गरेको छ। अर्को नेवारी भाषाको कार्यक्रम 'एफएम स्वनिगः' *ज्वजलपा एफएम*द्वारा उत्पादित कार्यक्रम हो। यसै गरी 'आलोपालो' एक साप्ताहिक कार्यक्रम हो। यो हरेक सोमवार विहान ८:०० - ८:३० सम्म प्रसारण हुने गरेको छ। उक्त कार्यक्रम, *मनकामना एफएम*, काठमाडौंको एचवीसी *एफएम*., पोखराको *माछापुच्छ्रे एफएम* तथा अन्नपूर्ण एफएफ र पाल्पाको *मदन पोखरा एफएम*ले पालैपालो उत्पादन गर्ने गरेका छन् साथै सवैतिर एकै समयमा वज्ने गरेको छ। राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमवारे जानकारी दिने समाचारमूलक कार्यक्रम 'काया कैरन' कम्युनिकेसन कर्नरद्वारा उत्पादित कार्यक्रम हो। स्थानीय

निकायहरूद्वारा मकवानपुर जिल्लाभरि वर्तमान अवस्थामा सञ्चालन विकास निर्माणसम्वन्धी गतिविधिहरूका वारेमा जानकारी दिने उद्देश्यले तयार पारिएको 'स्थानीय निकाय रेडियो कार्यक्रम' ३ कार्तिक २०५८ देखि सुरु गरिएको छ।

माथिका यी कार्यक्रमवाहेक अन्य सवै कार्यक्रमहरू यो एफएम आफैले उत्पादन गर्ने गरेको छ। सुरुमा दैनिक रूपमा विहानवेलुका गरी दुइपटक प्रसारण हुने गरेको कार्यक्रम 'हालखवर' हाल दैनिक विहान ६:४५-७:०० दिउँसो २:००-२:१५ र साँझ ७:४५-८:०० वजेसम्म गरी तीनपटक प्रसारण हुने गरेको छ। उक्त समाचारमूलक कार्यक्रममा स्थानीय स्तरमा घटेका घटना क्रमहरूलाई वढी मात्रामा तथा राष्ट्रिय स्तरका केही महत्त्वपूर्ण समाचारहरूलाई समेट्ने गरिएको छ। त्यस्ता समाचारहरू यसै रेडियोका सम्वाददाताले उपलव्ध गराउने गरेका छन्। महत्त्वपूर्ण समाचारहरूमा सम्वाददाताको आवाजसहित टेलिफोन रेकर्ड गरी प्रसारण गर्ने गरिएको पाइन्छ।

सूचनामूलक जस्तै 'विहानी यात्रा', 'शव्द सरिता', 'च्याट डट कम', 'स्वास्थ्य चर्चा' लगायतका कतिपय कार्यक्रमहरूको वीच वीचमा सूचना साथै मनोरञ्जन प्रदान गर्ने उद्देश्यले नेपाली तथा हिन्दी गीत-सङ्गीतहरू वजाउने गरिएको पाइन्छ। यसरी जानकारीको साथसाथै मनोरञ्जनको लागि गीत-सङ्गीत पनि प्रसारण गर्दा कार्यक्रम धेरै प्रभावकारी भएको आफूले महसुस गरेको वताउनु हुन्छ 'विहानी यात्रा' कार्यक्रमका सञ्चालक दीपक अधिकारी। यस वाहेक यहाँ नेपाली, हिन्दी तथा अङ्ग्रेजी भाषाका आधुनिक, पप र अन्य प्रकारका गीत-सङ्गीतहरू समेट्ने खालका मनोरञ्जनात्मक कार्यक्रमहरू विभिन्न नामहरूवाट वज्ने गरेका छन्। कार्यकारी निर्देशक नेपालका अनुसार सवै गरेर करिव १०,००० ओटा गीतहरू यहाँको लाइव्रेरीमा संग्रहित छन्।

यहाँ वज्ने प्रायः सम्पूर्ण कार्यक्रमहरू नेपाली भाषाका छन् भने एउटा मात्र कार्यक्रम 'एफएम स्वनिगः' नेवारी भाषाको कार्यक्रम हो। निकट भविष्यमा मैथिलीमा कार्यक्रम प्रसारण हुन गइरहको कुरा समीर नेपाल वताउनुहुन्छ। उक्त कार्यक्रम मैथिली भाषा, साहित्य तथा सङ्गीतसँग सम्वन्धित रहेको पनि उहाँले वताउनु भएको छ। यस वाहेक स्थानीय स्तरमा महत्त्व राख्ने तामाङ तथा थारू जस्ता भाषाहरूमा पनि कार्यक्रम प्रसारण गर्ने लक्ष्य रहको वताइन्छ।

## जनशक्ति

यस एफएममा हाल १४ जना कार्यक्रम सञ्चालक, ३ जना प्राविधिक र ७ जना व्यवस्थापनतर्फका गरी जम्मा २४ जना कर्मचारी कार्यरत रहेका छन् भने सम्वाददाता ४ जना र स्ट्रिन्जर्स ६ जना रहेका छन्। यस एफएमका सम्वाददाता मकवानपुरका लागि ४ जना तथा वारा, पर्सारौतहट, चितवन, वाग्लुङ र वाँकेमा १/१ जना रहेका छन्। कार्यरत जनशक्ति मध्ये समाचारमूलक कार्यक्रम 'हाल खवर' का लागि समाचार दिने सम्वाददाताहरू सवैजना कुनै न कुनै पत्रिकामा कार्यरत व्यक्तिहरू हुनुहुन्छ। उदाहरणका लागि मकवानपुरस्थित सम्वाददाता उज्वल चौलागाई *राजधानी* दैनिकका पनि सम्वाददाता हुनुहुन्छ। त्यसैगरी अर्का सम्वाददाता खेम प्र. वोलखे

स्थानीय *प्रयास* साप्ताहिकका सहयोगी सम्पादक हुनुहुन्छ भने *हिमालय टाइम्स दैनिक*का मकवानपुरस्थित सम्वाददाता पनि हुनुहुन्छ। अनि अर्का सम्वाददाता प्रताप विष्ट *कान्तिपुर* दैनिकका मकवानपुरस्थित सम्वाददाता हुनुहुन्छ साथै उहाँ नेपाल पत्रकार महासङ्घ मकवानपुरका सभापति समेत रहनुभएको छ। उता चितवनस्थित सम्वाददाता दिनेश थपलियाले *राजधानी* दैनिकसँग पनि सम्वद्ध हुनुहुन्छ। उहाँहरू सवैजना लामो समयदेखि पत्रकारिता क्षेत्रमा आवद्ध हुँदै आउनुभएको वताइन्छ। यसै गरी कार्यक्रम 'हालखवर'को डेस्कचिफको रूपमा रहनुभएका दीपक अधिकारी रेडियो स्थापना भएदेखि नै कार्यरत हुनुहुन्छ। उहाँले नेपाल प्रेस इन्स्टिटच्यूट काठमाडौंवाट २०५६ सालमा १० महिने पत्रकारिता तालिम पूरा गर्नुभएको छ।

अन्य कार्यक्रमका सञ्चालकहरूले भने कुनै किसिमको औपचारिक तालिम प्राप्त तथा अन्य रेडियो स्टेसनमा कार्य गरी अनुभव हासिल गरेका छैनन्। रेडियो स्थापनाको सुरुतिर भने काठमाडौंको *रेडियो सगरमाथा*मा काम गरी केही अनुभव हासिल गरेका निश्चल आकाश र समीर न्यौपाने, लगायतका २-३ जना कार्यरत रहेको तर ९-१० महिना जति काम गरेपछि उहाँहरूले छोडेको वताइन्छ। स्थानीय जनशक्तिलाई नै अहिले भर्नामा प्राथमिकता दिइएको कुरा समीर नेपाल वताउनुहुन्छ। जनशक्तिको दक्षता अभिवृद्धिको लागि कुनै किसिमको औपचारिक तालिमको व्यवस्था रेडियोले गरेको देखिंदैन। "स्थानीय क्षेत्रका अनुभवहीन व्यक्तिहरूलाई पुराना जनशक्तिद्वारा केही समय कार्यस्थलमै तालिम दिने गरिएको र कार्यक्रम सञ्चालन गर्न सक्षम भएपछि नियुक्ति दिने गरिएको छ," समीर नेपाल भन्नुहुन्छ। हेटौंडामा पत्रकारिता तथा रेडियो कार्यक्रम सञ्चालनसम्वन्धी तालिम दिने कुनै संस्था छैन। तालिम लिन चाहनेहरू काठमाडौं जानु पर्ने वाध्यता छ। नेपाली तथा हिन्दी पप गीतहरूको कार्यक्रम सञ्चालिका कल्पना श्रेष्ठ भन्नुहुन्छ, "स्टुडियोभित्रै वसेर २-४ दिन अरूद्वारा सिकेपछि आफैले कार्यक्रम सञ्चालन गर्नथालेकी हुं, केही महिना काम गरेपछि औपचारिक तालिमको लागि काठमाडौं जाने विचार गरेकी छु।" जनशक्तिलाई इमेल, इन्टरनेट तथा पुस्तकालयको व्यवस्था गरिएको छ, जसले गर्दा केही मात्रामा भए पनि जनशक्तिको दक्षता अभिवृद्धि गर्न सहयोग पुगेको वताइन्छ। पुस्तकालय त्यति ठूलो त छैन तर पनि दैनिक रूपमा सङ्कलन गर्ने गरिएका विभिन्न पत्रपत्रिका तथा केही मात्रामा साहित्यिक र अन्य पुस्तकहरू छन् भने करिव ४ सयको सङ्ख्यामा सि.डी. तथा २ हजार जति अडियो क्यासेटहरू पनि रहेको वताइएको छ।

जनशक्ति भर्ना गर्दा स्थानीय तथा राष्ट्रिय स्तरका पत्रिकाहरूमा विज्ञापन दिने गरिएको छ। विज्ञापन गर्दा कार्यक्रम सञ्चालकको हकमा शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण भएको माग गर्ने गरिएको र कुनै वेला उक्त योग्यता भएका व्यक्तिहरूको आवेदन नपरेका कारण कम योग्यता भएकालाई पनि नियुक्ति दिइने गरिएको पाइन्छ। यहाँ अहिले एसएलसीदेखि स्नातक तहसम्मको शैक्षिक योग्यता भएका कर्मचारी रहेका छन्। पारिश्रमिकको हकमा भने कम्तीमा रू. ३,००० देखि वढीमा रू. १०,००० मासिक तलव लिने कर्मचारीहरू रहेको वताइन्छ। यहाँ कर्मचारी

(कार्यक्रम सञ्चालन तथा रिपोर्टिङ तर्फ) नियुक्त भएको ३ महिनासम्म विना परिश्रमिक कार्य गर्नुपर्ने र त्यस पछि मात्र पारिश्रमिक प्रदान गर्ने नीति रहेको छ। पारिश्रमिक निर्धारण गरिदा सुरुमा शैक्षिक योग्यतालाई आधार मानी रू. ३,००० देखि ५,००० सम्म पारिश्रमिक तोक्ने त्यसपछि कार्य सम्पादनका आधारमा वढाउँदै लगिने गरेको वताइन्छ। विज्ञापन खोजेर ल्याउने लाई विज्ञापनवाट उठेको रकमको २५% कमिशनका रूपमा प्रदान गर्ने गरिएको छ। कार्यरत एकजना सम्वाददाता उज्वल चौलागाईंका अनुसार समाचारलाई 'क', 'ख' र 'ग' गरी तीन श्रेणीमा महत्त्वका आधारमा विभाजन गर्ने गरिएको र विभाजन अनुसार प्रति समाचारको क्रमशः रू. १००।-, ६०।- र ४०।- पारिश्रमिक दर रहेको छ। दैनिक औसतमा आफ्ना २ ओटा जति समाचार प्रसारण हुने गरेको तथा अन्य पत्रपत्रिकामा पनि कार्यरत रहेको कारण साधारण रूपमा जीवनयापन गर्न आफूले अन्य पेसा अपनाउनु पर्ने अवस्था नरहेको चौलागाईंको तर्क छ। यसै गरी सुरुदेखि नै यहाँ कार्यरत दीपक अधिकारी आफ्नो पारिश्रमिकप्रति सन्तुष्टि व्यक्त गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "मिहिनेत गरे पत्रकारितावाटै पेट पाल्न सकिन्छ।" तर दुई जना पूर्व सम्वाददाताहरू आफूलाई उक्त एफएमको पारिश्रमिकसम्वन्धी नीति चित्त नवुझेको कारण रेडियोमा काम गर्न छोडेको वताउनुहुन्छ। कार्यकारी निर्देशक नेपालका अनुसार कर्मचारीहरूलाई पारिश्रमिकवाहेक अन्य आवास तथा सवारी सुविधाहरू प्रदान गरिएको छैन।

## लगानी र विज्ञापन बजार

यस रेडियोका सञ्चालक समितिमा महालक्ष्मी फाइनान्स वीरगञ्जका कार्यकारी सञ्चालक रमेशकुमार भट्टराई - अध्यक्ष तथा सदस्यहरूमा वीरगञ्ज उप-महानगरपालिका प्रमुख विमलप्रसाद श्रीवास्तव, वीरगञ्जकै प्रतिष्ठित व्यापारी पुरूषोत्तम अग्रवाल, वुटवलका अर्का प्रतिष्ठित व्यापारी राधेश्याम गुप्ता र समीर नेपाल रहनु भएको छ। यी ५ जना सहित १४ जना लगानीकर्ताहरूमा प्रायः सवै जना व्यापारिक फाँटका व्यक्तिहरू रहेको कुरा नेपालले वताउनु भयो। तर उहाँले नाम वताउन भने चाहनु भएन।

८० लाखको लगानीवाट सुरु गरिएको यस एफएम रेडियो स्टेसनको लागि हाल २०५८ कार्त्तिक सम्म करिव एक करोड लगानी भएको वताइन्छ। लगानीको परिमाण सवै लगानीकर्ताहरूको समान रहेको छैन। आफूले पहिला *श्री सगरमाथा* दैनिक (हाल वन्द) मा वजार व्यवस्थापकको जिम्मेवारी सम्हालेदेखि नै सञ्चार क्षेत्रप्रति आकर्षित भएको र आफ्नो क्षेत्र (हेटौंडा) मा पनि सञ्चार क्षेत्रलाई अगाडि वढाउने विचारले यहाँ एउटा रेडियोको आवश्यकता देखेर यसमा लगानी गर्न उत्साहित भएको कुरा समीर नेपाल वताउनु हुन्छ।

व्यावसायिक हिसावले हालसम्मको स्थितिलाई मूल्याङ्कन गर्दा नाफा कमाउन नसकिए पनि सञ्चालन खर्च उठाउन सक्षम भएको कुरा वताइन्छ। नेपाल भन्नुहुन्छ, "अहिले हामी सञ्चालन खर्च उठाउन सक्षम छौं र पाँचवर्षभित्र आफ्नो सम्पूर्ण लगानी उठ्ने अनुमान गरेका छौं।" उहाँका अनुसार हालको अवस्थालाई हेर्ने हो भने वार्षिक सञ्चालन लागत तथा विज्ञापनवाट आम्दानी करिव रू. १८ लाख रहेको छ।

पहिलेको तुलनामा विज्ञापनवाट प्राप्त हुने आम्दानी क्रमशः वृद्धि हुँदै गएको र त्यही आधारमा पाँच वर्षभित्र लगानी उठ्ने अनुमान गरिएको उहाँ वताउनु हुन्छ। हेटौंडा औद्योगिक नगरी भएर पनि यहाँका उद्योगहरूवाट त्यति धेरै विज्ञापन प्राप्त गर्न सकिएको देखिन्न। कारण उद्योगहरूको आर्थिक स्थिति त्यति सवल छैन। झण्डै झण्डै रूग्ण अवस्थामा चलिरहेका उद्योगहरूवाट विज्ञापन पाउने आशा गरेको देखिन्न। केही सक्षम उद्योगहरू पनि राष्ट्रिय स्तरका सञ्चार माध्यमतर्फ आकर्षित हुने गरेका देखिएका छन्। जस्तै, नेपाल लिभर लिमिटेड, कोलगेट कम्पनी, शान्ति वनस्पति घ्यू उद्योग आदि। यी उद्योगहरूवाट उत्पादित वस्तुहरूको विज्ञापन जे जति मात्रामा राष्ट्रिय स्तरका सञ्चार माध्यमहरूमा देख्न र सुन्न पाइन्छ, स्थानीय सञ्चार माध्यममा पाइन्न।

स्थानीय विज्ञापन वजारमा विभिन्न सङ्घ-संस्था, ठूला वा साना (थोक तथा खुद्रा) व्यापारीहरू, स्कूल तथा कलेजहरू र स्थानीय सरकारी निकायहरू (जिविस तथा नगरपालिका आदि) रहेका देखिन्छन्। यस्ता स्रोतहरूवाट सधैँभरि विज्ञापन प्राप्त हुने गर्दैन। खासगरी सङ्घ-संस्था तथा स्थानीय सरकारी निकायहरू र स्कूल तथा कलेजहरूवाट प्राप्त हुने विज्ञापनहरू मौसमी प्रकृतिका हुन्छन्। यिनीहरूवाट विज्ञापन प्राप्त हुने भनेको विशेष अवसरहरू जस्तै नयाँ वर्ष, विजयादशमी तथा दीपावली, राजा रानीको जन्मोत्सव आदिमा दिइने शुभकामना, वधाई तथा समवेदनाहरू, विद्यार्थी भर्नाका सूचनाहरू, वोलपत्र आह्वान आदि हुन्। थोक तथा खुद्रा व्यापारीहरू विज्ञापनका नियमित स्रोतहरू हुन्। तर स्थानीय वजार त्यति ठूलो छैन त्यसमाथि पनि व्यापारीहरूमा विज्ञापनले विक्री माथि पार्ने प्रभाव वारे चेतना जागृत भइसकेको छैन भन्न सकिन्छ। समीर नेपाल भन्नुहुन्छ, "रेडियो सञ्चालन गरेको यो एकवर्षको अवधिमा व्यापारी वर्गहरू निकै सचेत हुँदै गएको पाएको छु। विज्ञापन वस्तुको विक्री प्रवर्द्धन गर्ने प्रमुख माध्यम रहेछ भन्ने कुरा उनीहरूले महसुस गर्न थालेका छन्।" हालको अवस्थामा आफ्नो रेडियोको लागि वीरगञ्ज र काठमाडौं ठूला विज्ञापन वजार भएको उहाँ वताउनु हुन्छ। वीरगञ्जमा *मनकामना एफएम*को प्रसारण राम्रो रहेको छ, त्यसैले त्यहाँका व्यापारीहरू लगायत अन्य सङ्घसंस्था तथा सरकारी निकायहरूवाट समेत विज्ञापन आउने गरेको छ। तर काठमाडौंमा प्रसारण नपुगेको भए पनि त्यहाँ स्थित उत्पादकहरूले उक्त रेडियो मार्फत आफ्नो वस्तुको विज्ञापन गराउने गरेको पाइन्छ।

विज्ञापनको लागि कत्तिको प्रतिस्पर्धा गर्नुपर्छ भन्ने सवालमा नेपालको कथन छ, "अन्य सञ्चार माध्यमसँग हाम्रो कुनै प्रतिस्पर्धा छैन। यदि प्रतिस्पर्धा छ भने नेपालको आर्थिक दुरावस्था तथा स्थानीय उद्योगहरूको रूग्ण अवस्थासँग छ।" छापा माध्यम र रेडियो पृथक् प्रकृतिको भएका कारण विज्ञापनको लागि एउटा माध्यमको प्रभाव अर्कोमा नपर्ने तथा स्थानीय स्तरमा हालसम्म अन्य रेडियो स्टेसन नभएको र राष्ट्रिय स्तरका प्रसारण माध्यम *रेडियो नेपाल*ले पनि खासै असर नपारेको हुँदा प्रतिस्पर्धी कोही नभएको उहाँको भनाइ छ। स्थानीय केवल टेलिभिजन *सिटी केवल* सञ्चालन भएको भए पनि यसको प्रसारण पहुँच त्यति ठूलो नभएको कारणले पनि यो रेडियोलाई खास असर पार्न सक्ने देखिँदैन।

## ३. खोज पत्रकारिताको अभ्यास

खोज पत्रकारिता भन्ने वित्तिकै समाजभित्र लुकेर रहेका वास्तविकताहरूलाई पत्रकारहरूद्वारा खोजी गरी सञ्चार माध्यममार्फत जनता माझ पुऱ्याउने कार्यलाई वुझाउँछ। लुकेर रहेका कुराहरू भन्नाले समग्र समाजको दृष्टि वाहिर रहेका अथवा आँखाले देखे पनि ध्यानाकर्षण हुन नसकेका कुराहरूलाई वुझाउने गर्दछ। समग्र समाजको ध्यान वा दृष्टि नपुगेका त्यस्ता कुराहरूमा त्यही समाजभित्र रहेको कुनै व्यक्ति वा समूदाय भने शोषित, दमित अथवा पीडित भइरहेको हुन्छ। यस्ता पीडित वा शोषित व्यक्ति वा पक्ष शोषक वा पीडक विरूद्ध वोल्न नसकिरहेको वा वोल्दा पनि समाज वा सरकारले सुन्न नसकेको अवस्थामा सञ्चार माध्यम मार्फत व्यापक जनसमुदायको वीचमा ल्याई पीडितपक्षलाई सहयोग पुऱ्याउनु नै खोज पत्रकारिताको धर्म हो। खोज पत्रकारिताले समेट्न सक्ने त्यस्ता विषयहरूको उदाहरण दिनुपर्दा भ्रष्टाचार, श्रम शोषण, यौन शोषण, दमन, अत्याचार, तस्करी जस्ता कुकृत्यहरू पर्दछन्। यस वाहेक समाज वा राष्ट्रका लागि महत्त्वपूर्ण वा हानिकारक भएर पनि ध्यान पुग्न नसकी ओझेलमा परेका कतिपय सवालहरू जस्तै प्राकृतिक तथा भौतिक सम्पदाहरू, अति पिछडिएका वर्ग वा जातिसम्वन्धी तथ्याङ्कहरू, वातावरणीय प्रदूषण तथा त्यसका असरसम्वन्धी विवरणहरू आदि पनि यसभित्र पर्न सक्छन्।

हेटौंडामा खोज पत्रकारिताको अभ्यास त्यति हुने गरेको देखिदैन अझ भन्ने हो भने गहिराइमा पुगेर खोज पत्रकारिता[३] भएको त एउटासम्म उदाहरण छैन। सामान्य किसिमको खोजी पत्रकारिताको उदाहरण पनि कुनै कुनै पत्रिकामा मात्र देख्न पाइन्छ। त्यो पनि एकदम कम मात्रामा। उदाहरणको लागि *वलिदान* साप्ताहिकले २०५८ असार ८ गतेको अङ्कमा हेटौंडामा लागू पदार्थ दुर्व्यसनीसम्वन्धी एउटा खोजपूर्ण समाचार प्रकाशित गरेको थियो। त्यसै गरी मकवानपुरको जङ्गलहरूवाट काठतस्करी भएकोवारे त्यही महिनाको १२ गते अर्को खोजपूर्ण समाचार प्रकाशित भएको थियो। समाचारको शीर्षक 'मकवानपुरको वन तस्करहरूको धन' रहेको थियो। छतिवन गाविस स्थित 'शिलादेवी सामुदायिक वन'वाट काठ तस्करी भएको त्यही वनको एकजना कर्मचारी मार्फत जानकारी पाएपछि *वलिदान* साप्ताहिकका विशेष सम्वाददाता अर्पण पराजुलीको पहलमा खोजी गरिएको थियो। त्यसपछि मकवानपुरका अन्य जङ्गलहरूमा पनि काठतस्करी भएको वारेमा खोजी गरी तस्करहरूको नामसहित उक्त समाचार प्रकाशित गरिएको थियो। यसरी समाचार प्रकाशित भएपछि जिल्ला वन कार्यालय मकवानपुरले उक्त 'शिलादेवी सामुदायिक वन उपभोक्ता समिति' का उपाध्यक्षलाई काठ तस्करीको अभियोगमा पक्राउ गरी कार्यवाही सुरु गरेको कुरा विशेष सम्वाददाता पराजुलीले जानकारी गराउनुभयो।

यस्तै खोजमूलक समाचार यहाँको *मनकामना एफएम*मा वज्ने 'हालखवर' कार्यक्रममा पनि वेलावेलामा वज्ने गरेका छन्। २०५७ चैत्र महिनातिर वजेको उक्त कार्यक्रममा हेटौंडा कपडा उद्योगमा भएको भ्रष्टाचारको वारेमा समाचार प्रसारण भएको कुरा सम्वाददाता उज्वल चौलागाईं वताउनुहुन्छ। उक्त समाचारको वारेमा आफूले र 'हालखवर' कार्यक्रमका डेस्क चिफ दीपक अधिकारीले खोज गरेको उहाँले

वताउनुभयो। उद्योग सम्पूर्ण रूपमा वन्द (चल अचल सम्पत्ति विक्री भई खाता रोक्का) भइसके पछि प्रशासनका केही व्यक्तिहरू मिलेर रू. १५ लाख वरावरको कपडा विक्री गरेका थिए। उक्त जानकारी विशेष सूत्रवाट पाएपछि आफूहरूले खोजी गर्दा विक्रीको वेला प्रयोग गरिएका लिखित कागजहरू समेत प्राप्त गरी प्रमाणको रूपमा राखेको जानकारी सम्वाददाता चौलागाईंले गराउनुभयो। उक्त समाचार रेडियोमार्फत प्रसारित भएपछि राजनैतिक पार्टीहरूले स्थानीय स्तरमा विज्ञप्ति निकालेको, संसदमा पनि यो कुरा उठेको तथा अर्थमन्त्रालयले दोषीहरूसँग स्पष्टीकरण माग गरेको वताइन्छ। पछि विक्री रोक्का गरे पनि दोषी उपर कुनै कार्यवाही भएको आफूलाई थाहा नभएको कुरा चौलागाईले वताउनुभयो।

यहाँ खोज पत्रकारिता अगाडि वढ्न नसक्नुमा निम्न कारणहरू रहेको देखिन्छ।

(क) जनशक्ति (पत्रकारहरू) मा खोज पत्रकारितासम्वन्धी आवश्यक तालिम वा ज्ञानको अभाव।

(ख) कुनै अपराध विरूद्ध खोजी गरी समाचार प्रकाशित गर्दा पत्रकारले भोग्नु पर्ने शारीरिक तथा जागिरको असुरक्षा (जोखिम)।

(ग) समय र पैसा वढी खर्च हुने जसको मूल्य प्रकाशन प्रसारण गृहले दिन नसक्ने।

(घ) आवश्यक भौतिक सामाग्रीहरू जस्तै क्यामेरा, टेप रेकर्डर आदि उपलव्ध नहुनु।

खोज पत्रकारिता अगाडि वढ्न नसकेको कारणवारे *मनकामना एफएम* तथा *राजधानी* दैनिकका सम्वाददाता उज्वल चौलागाईंको धारणा छ, "३०० रूपैंया खर्च गरेर समाचार वनायो १०० रूपैया आउने भएपछि खोजपत्रकारिता कसरी अगाडि वढ्नु?" उहाँ थप्नु हुन्छ, "पत्रकार भएपछि केही जोखिम त उठाउनुपर्छ तर जागिरको ग्यारेण्टि त हुनु पर्‍यो नि!"

## ४. स्थानीय सरकार र सञ्चार माध्यम

सञ्चार माध्यमले जसरी स्थानीय सरकारको गतिविधिमाथि निगरानी राख्न सक्नुपर्दथ्यो यो भइरहेको छैन। किनकि स्थानीय सरकार नगरपालिका वा जिल्ला विकास समितिका कामकार्वाहीसम्वन्धी विस्तृत किसिमको खोजमूलक समाचारहरू यहाँको रेडियो वा पत्रपत्रिकामा हालसम्म प्रसारित वा प्रकाशित भएको पाइन्न। *प्रयास* साप्ताहिकका खेमप्रसाद वोलखे तथा *मनकामना एफएम*का समीर नेपाल आफ्नो सञ्चार माध्यमले स्थानीय सरकारका सामान्य गतिविधिसम्वन्धी समाचारहरू वेलावखत प्रसारण गरेको भए पनि विस्तृत रूपमा खोज गरी प्रसारित नगरेको वताउनुहुन्छ। *मनकामना एफएम* तथा *हिमालय टाइम्स*का सम्वाददाता समेत रहनुभएका वोलखेका अनुसार उचित रूपमा प्रोत्साहन नपाएकै कारण पत्रकारहरू वढी गहिराइमा गएर खोजी गर्न चाहँदैनन्। यसको मतलव कुनै ठाउँमा अनियमितता भयो र पत्रकारले खोजी गरी समाचार लेख्यो भने पनि उसले कुनै किसिमको

सहुलियत वा प्रोत्साहन पाउँदैन, शारीरिक र मानसिक यातना मात्र भोग्नु पर्ने अवस्था छ। यसकारण पनि विकास निर्माणसम्वन्धी वा कुनै वैठक भेला वा उद्घाटनसम्वन्धी समाचारहरूले मात्र सञ्चार माध्यममा स्थान पाएको देखिन्छ। स्थानीय निकायभित्र भएका अनियमितता वा भ्रष्टाचारसम्वन्धी खोज मूलक समाचार देख्न सकिन्न।

*प्रतीक* दैनिक वीरगञ्ज तथा *राजधानी* दैनिकका हेटौंडास्थित सम्वाददाता भानुभक्त आचार्यको धारणा भने वेग्लै छ। उहाँका अनुसार अनियमिततासम्वन्धी समाचार नआउनुमा स्थानीय निकायको स्वच्छ छवि पनि एउटा कारण हो। नगरपालिका तथा जिविसले सञ्चालन गरेका काम कार्वाहीमा अनियमितता नदेखिएकोले नै सञ्चार माध्यममा नआएको उहाँको भनाइ रहेको छ। वीरगञ्जको उदाहरण दिदै उहाँ भन्नुहुन्छ, "वीरगञ्जका पत्रिकाहरूमा स्थानीय निकायमा हुने गरेका भ्रष्टाचार तथा अनियमिततासम्वन्धी समाचारहरू प्रशस्त छापिन्छन्। किनकि त्यहाँ अनियमितता पनि धेरै नै हुने गरेको छ।"

यस क्षेत्रको पत्रकारितालाई अगाडि वढाउनको लागि जिविस तथा हेटौंडा नगरपालिकाले विशेष पहल गरेको देखिन्न। यी दुवै निकायमा हालसम्म पत्रकारितालाई अगाडि वढाउने उद्देश्यले कुनै किसिमको नीतिगत निर्णय नभएको कुरा मकवानपुर जिविसका योजना अधिकृत तथा हाल हेटौंडा नगरपालिकामा कार्यवाहक सचिव टेकनाथ पौडेल र हेटौंडा नगरपालिकाका लेखा अधिकृत शङ्कर उपाध्याय वताउनुहुन्छ। स्थानीय पत्रकारलाई प्रोत्साहित गर्ने उद्देश्यले जिविसले हरेक वर्ष २ जना उत्कृष्ट पत्रकारलाई नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्ने गरेको छ। यसमा स्थानीय पत्रिकामा कार्यरत एकजना तथा राष्ट्रिय पत्रिकामा कार्यरत हेटौंडा स्थित सम्वाददाता एकजना छनौट गर्ने गरिएको छ। यस्तै हेटौंडा नगरपालिकाले पनि नगरपालिकाका गतिविधिहरूलाई सञ्चार माध्यममार्फत जनतामा पुऱ्याउन विशेष रूपले सहयोग गर्ने एकजना स्थानीय पत्रकारलाई पुरस्कार र प्रशंसापत्र प्रदान गर्ने गरेको छ। नगरपालिकाले भने यो कार्यक्रमलाई नियमितता दिएको देखिन्न। नगरपालिका तथा जिविसद्वारा प्रदान गरिने उक्त पुरस्कारहरूलाई तालिका ३ द्वारा स्पष्ट पार्न सकिन्छ।

विज्ञापन प्रदान गर्ने हकमा नगरपालिका तथा जिविस दुवैले स्थानीय सञ्चार माध्यमलाई नै प्राथमिकता प्रदान गर्ने गरेका छन्। "राष्ट्रिय स्तरका सञ्चार माध्यममा दिनै पर्ने वाध्यता भएका विज्ञापनवाहेक अरू सवै स्थानीय पत्रपत्रिका तथा रेडियोमा नै दिने गरिएको छ", नगरपालिकाका कार्यवाहक सचिव टेकनाथ पौडेल वताउनुहुन्छ। यी निकायहरूले विज्ञापन दिंदा सवै पत्रपत्रिकाहरूलाई समान व्यवहार गरिने भनिए पनि राजनीतिक विचारधाराको आधारमा आफूसँग नजिक देखिएका तथा नदेखिएकालाई हेरेर भेदभाव हुने गरेको गुनासोहरू पनि सुन्न सकिन्छ।

आफैंले प्रकाशन गर्ने सन्दर्भमा मकवानपुर जिविसले *मकवानपुर* नामक त्रैमासिक वुलेटिन साउन २०५७ देखि प्रकाशन गर्न थालेको छ। त्यस्तै हेटौंडा नगरपालिकाले पनि २०५० वैशाखदेखि *हेटौंडा* त्रैमासिक वुलेटिन प्रकाशन गर्ने गरेको पाइन्छ। तर नगरपालिकाद्वारा प्रकाशित उक्त वुलेटिन प्रकाशनमा सहयोग पुऱ्याउने

व्यक्तिहरूलाई प्रोत्साहन नभएका कारण २०५६ देखि प्रकाशन हुन नसकेको वताइन्छ। यी दुवै वुलेटिनहरू आ-आफ्नो गतिविधिलाई प्रकाश पार्ने उद्देश्यले ती निकायहरूद्वारा प्रकाशित गरेको देखिन्छ। यसकासाथै जिल्ला परिषद्मा पारित भएका नीति तथा कार्यक्रम र आर्थिक वर्षको वजेट समेत समावेश गरेर जिविस मकवानपुरले समय-समयमा स्मारिका पनि प्रकाशन गर्ने गरेको छ। विद्युतीय सञ्चार माध्यमतर्फ जिविस मकवानपुर तथा हेटौंडा नगरपालिकाद्वारा संयुक्त रूपमा सञ्चालित 'स्थानीय निकाय रेडियो कार्यक्रम' *मनकामना एफएम*द्वारा प्रसारण हुने गरेको छ, जसको वारेमा माथि नै वर्णन गरिसकिएको छ।

**तालिका ३ : पत्रकारिता पुरस्कारसम्बन्धी विवरण**

| साल | पुरस्कार प्रदान गर्ने निकाय | पुरस्कार प्राप्त गर्ने व्यक्ति | पुरस्कार राशि |
|---|---|---|---|
| २०५३ | हेटौंडा नगरपालिका | श्री प्रताप विष्ट, सम्वाददाता, *कान्तिपुर* दैनिक। | रू. ५,०००/- |
| २०५६ | जि.वि.स. मकवानपुर | १. श्री महेन्द्र श्रेष्ठ, सम्वाददाता, *नेपाल टेलिभिजन*। | रू. २,०००/- |
| | | २. श्री ध्रुवप्रसाद चौलागाईं, सम्पादक, *वलिदान* साप्ताहिक। | रू. १,५००/- |
| २०५७ | जि.वि.स. मकवानपुर | १. श्री प्रताप विष्ट, सम्वाददाता *कान्तिपुर* दैनिक। | रू. २,०००/- |
| | | २. श्री उज्वल चौलागाईं, सम्वाददाता, *हेटौंडा पोस्ट* साप्ताहिक। | रू. १,५००/- |

*स्रोतः प्रशासन शाखा, हेटौंडा नगरपालिका र कार्यक्रम शाखा, जि.वि.स. मकवानपुर*

## ५. पत्रकारिताको अध्यापन

शैक्षिक सत्र २०५८/०५९ देखि 'हेटौंडा स्कूल अफ मेनेजमेन्ट' ले कक्षा ११ मा पत्रकारिता विषयको अध्यापन सुरु गरेको छ। 'आधुनिक राष्ट्रिय मा.वि.मा सञ्चालित यस उच्च माविको उक्त कक्षामा जम्मा १२७ जना विद्यार्थी रहेका छन्। यसमध्ये २३ जना अर्थात करिव १८ प्रतिशत विद्यार्थीले पत्रकारिता विषय रोजेको देखिन्छ। पत्रकारिता विषयको अध्यापन सुरु गरेको पहिलो वर्ष नै १८ प्रतिशत विद्यार्थीले यो विषय रोज्नु त्यसमाथि पनि जेहेन्दार विद्यार्थीहरू यो विषयमा लाग्नु उत्साहजनक भएको कुरा प्रधानाध्यापक पुरन जोशी वताउनुहुन्छ। हाल यहाँ पत्रकारिता विषय पढाउने एकजना मात्र शिक्षक हुनुहुन्छ, *प्रयास* साप्ताहिकका सम्पादक कौशल पाण्डे, जो २० वर्षदेखि पत्रकारिता गर्दै आउनुभएको छ।

काठमाडौंमा गएर अध्ययन गर्न आफ्नो आर्थिक अवस्था र समय दुवैले साथ नदिएका कारण तीव्र इच्छा भएर पनि पत्रकारिता पढ्ने अवसर नपाइरहेका

तीर्थराज अधिकारीको इच्छा अहिले पूरा भएको छ। मकवानपुर क्याम्पस, हेटौंडावाट व्यवस्थापन विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरिसक्नुभएका अधिकारी पत्रकारिता अध्ययन गर्नकै लागि पुन ११ कक्षामा भर्ना भएको वताउनुहुन्छ। अर्का विद्यार्थी हरिप्रसाद हुमागाईं पनि पत्रकारिता विषय आफ्नो घरको दालभात खाएर पढ्न पाएकोमा दङ्ग पर्नु भएको छ। "एसएलसी उत्तीर्ण गरेपछि सवले पढ्दै आएको भन्दा अलि भिन्नै किसिमको विषय पढौं भन्ने आफ्नो इच्छा रहेको र हेटौंडामा पत्रकारिता विषय नयाँ भएको हुनाले नै आफूले यो विषय रोजेको हुँ," हुमागाईंको कथन छ। अन्य विषय अध्ययन गरेर अव नेपालमा नोकरी पाउन गाह्रो हुने, वरू हाल पत्रकारिता क्षेत्रमा देखा परेको तीव्र प्रतिस्पर्धाका कारण यसमा व्यावसायिकता आउने, जसले गर्दा पत्रकार वनेर भोकै पर्नु नपर्ने उहाँको विश्वास छ।

पत्रकारिता आवश्यक विषय अध्ययन गर्न उत्साहित भएर लागेका विद्यार्थीहरू पुस्तक सर्वसुलभ नभएका कारण भने चिन्तित देखिन्छन्। पत्रकारिता सम्वन्धी पुस्तकहरू यहाँको वजारमा पनि नपाइने तथा आफ्नो कलेजको पुस्तकालयमा पनि एकदम सीमित मात्रामा भएका कारण अध्ययन गर्न कठिनाइ भएको विद्यार्थीहरू वताउँछन्। यसकारण शिक्षकले लेखाइदिएको नोटको आधारमा परीक्षा दिनुपर्ने वाध्यता विद्यार्थीमा रहेको देखिन्छ। पुस्तकालयमा पत्रकारितासम्वन्धी जम्मा ११-१२ ओटा मात्र पुस्तक रहेको पुरन जोशी वताउनुहुन्छ।

उच्च मावि जस्तै माध्यामिक तहमा पनि पत्रकारिता विषय अध्यापन गराउने विचारमा हुनुहुन्छ पुरन जोशी तर पाठ्यपुस्तक प्रकाशित नभएको कारणले यो शैक्षिक सत्रमा माध्यामिक तहमा पत्रकारिता अध्यापन गराउने आफ्नो इच्छा पूरा नभएको उहाँ वताउनुहुन्छ। कक्षा ९ मा ऐच्छिक विषयको रूपमा पत्रकारिताको अध्यापन आगामी शैक्षिक सत्र २०५९/६० देखि सुरु गर्ने उहाँ वताउनुहुन्छ। पाठ्यक्रम विकास केन्द्र सानोठिमीले त्यसवेलासम्म कक्षा ९ को लागि पाठ्यपुस्तक उपलव्ध गराउने विश्वास उहाँको छ।

यसवाहेक यहाँका अन्य मावि वा उच्च माविले पत्रकारिता अध्यापन गराएको वा गराउने योजना वनाएको आफूलाई थाहा नभएको कौशल पाण्डे र पुरन जोशी वताउनुहुन्छ। यसको कारणमा एक त पाठ्यपुस्तकको अभाव र अर्को श्री ५ को सरकारले पत्रकारिता पढाउनको लागि विद्यालयमा छुट्टै शिक्षक दरवन्दीको व्यवस्था नगरीदिनु रहेको देखिन्छ। जसले गर्दा विद्यालयले निजी स्रोतवाट शिक्षक नियुक्ति गर्नुपर्ने हुन्छ। आर्थिक स्थिति कमजोर भएका विद्यालयहरूको लागि यो सम्भव छैन।

## ६. पत्रकारितासम्बन्धी संस्थाहरुको भूमिका

पत्रकारितासँग सम्वन्धित संस्थाहरूमा हेटौंडामा नेपाल पत्रकार महासङ्घ, प्रेस चौतारी तथा प्रेस युनियनले आफ्ना शाखाहरू स्थापना गरेका छन्। तर यी संस्थाहरू पत्रकारिताको विकासमा त्यति सक्रिय रहेको पाइन्न। यी संस्थाहरू सदस्यता वितरण गर्न, निर्वाचन गर्न र वेला-वेलामा वैठकहरू गर्नमा मात्र सीमित रहेका देखिन्छन्।

नेपाल पत्रकार महासङ्घ, मकवानपुरले २०५७ सालदेखि पत्रकारहरूको हितमा प्रयोग हुनेगरी एउटा 'अक्षयकोष' स्थापना गरेको छ। मकवानपुर जिल्ला क्षेत्र नं. २ का सांसद विरोध खतिवडाद्वारा प्रदान गरिएको रू. ४०,००० सहित हालसम्म जम्मा रू. ४५,०००।- उक्त कोषमा सङ्कलन भएको छ। विभिन्न राजनीतिक तथा सामाजिक व्यक्ति तथा सङ्घ संस्थावाट अरू थप सहयोग माग गरी उक्त कोषमा जम्मा रू. १,००,०००।- पुऱ्याउने लक्ष्य रहेको कुरा नेपाल पत्रकार महासङ्घ मकवानपुरका सभापति प्रताप विष्ट वताउनुहुन्छ। उहाँका अनुसार उक्त कोषवाट यहाँका पत्रकारहरूलाई सानै भएपनि ऋण उपलव्ध गराउने पत्रकारिता पुरस्कार वितरण गर्ने जस्ता कार्यहरू गरिने छन्। यस वाहेक महासङ्घद्वारा अन्य कुनै ठोस कार्यक्रमहरू सञ्चालन नगरिएको तथा हाल अन्य कुनै योजना नरहेको उहाँ वताउनुहुन्छ। पत्रकारिताको विकासमा त्यति सक्रिय हुन नसकेको कारण वारे केन्द्रीय स्तरवाट कुनै किसिमको सहयोग नपाइएको तथा आफूहरू माथिका व्यक्तिहरूलाई विदेश भ्रमणमा पठाउने एउटा भऱ्याङ्ग मात्र भएको उहाँको टिप्पणी छ। नेपाल पत्रकार महासङ्घ, मकवानपुरमा हाल २८ जना साधारण सदस्य रहेका छन्।

मोफसलका पत्रपत्रिकाहरूलाई सहुलियत दरमा ऋण उपलव्ध गराई आधुनिक मुद्रण प्रविधिको माध्यमवाट तिनीहरूको स्तर वृद्धि गराउने उद्देश्यले प्रेस काउन्सिल अन्तर्गत 'मिडिया विकास कोष' द्वारा प्रदान गरिने ऋणलाई अल्पकालीन ऋण (वढिमा २ लाख) र दीर्घकालीन ऋण (वढिमा १५ लाख) गरी दुई भागमा विभाजन गरिएको छ। हेटौंडावाट प्रकाशित पत्रिकाहरू मध्ये *प्रयास* साप्ताहिकले मात्र उक्त सुविधा प्रयोग गरेको देखिन्छ। यस साप्ताहिकले अल्पकालीन ऋण स्वरूप रू. १ लाख कम्प्युटर खरिद गर्नको लागि २०५७ कार्तिक ३ गते प्राप्त गरेको थियो। उक्त ऋण रकमबाट कम्प्युटर खरिद गरिएको जसले गर्दा पत्रिका प्रकाशन गर्न धेरै सजिलो भएको खेमप्रसाद वोलखे वताउनुहुन्छ। अन्य पत्रिकाहरूमा *कुराकानी* तथा *हेटौंडा वा.पौ.* को आफ्नै अफसेट प्रेस तथा कम्प्युटर भएकोले ऋण लिन आवश्यक नभएको वताइन्छ। त्यसैगरी *सफल अभियान* साप्ताहिक भर्खरमात्र प्रकाशन हुन थालेको कारण यसतर्फ ध्यान दिन वाँकी नै छ भन्न सकिन्छ।

यस क्षेत्रको पत्रपत्रिका प्रकाशनमा श्री ५ को सरकारद्वारा सूचना विभाग मार्फत उपलव्ध गराउँदै आएको न्युज प्रिन्टको सुविधाले पनि केही हदसम्म सहयोग पुऱ्याएको देखिन्छ। प्रेस काउन्सिलले गरेको वर्गीकरणको आधारमा पत्रपत्रिकाको श्रेणी हेरी श्री ५ को सरकारले विभिन्न रकम[६] वरावरको विज्ञापन उपलव्ध गराउने गरेको छ। यहाँका साप्ताहिक पत्रिकाहरू *प्रयास, कुराकानी* र *हेटौंडा वा.पौ.* तीन वटै 'ग' श्रेणीमा परेका हुनाले मासिक ३००० (तीन हजार) रूपैयाँको विज्ञापन प्राप्त गर्ने गरेका छन्। उक्त रकम लिन क्षेत्रीय सूचना विभाग, वीरगञ्ज जानु पर्ने खेमप्रसाद वोलखे वताउनुहुन्छ। अन्य पत्रिकामा *सफल अभियान* वर्गीकरणमा नपरेको तथा *प्रभातकालीन दैनिक*को केन्द्रीय संस्करणले नै उक्त सुविधा लिने गरेको वताइन्छ।

यसरी पत्रकारितासँग सम्वन्धित संस्थाहरू पत्रपत्रिकाको लागि केही भए पनि सहयोगी भएको देखिन्छ। तर रेडियो सञ्चालनमा प्रभावकारिता ल्याउनको लागि भने कतैवाट पनि खास पहल भएको पाईंदैन।

## निष्कर्ष

समग्रमा भन्नुपर्दा मकवानपुरको पत्रकारिता अझै सार्थक र व्यावसायिक हुन सकेको छैन। नयाँ–नयाँ पत्रपत्रिकाहरू दर्ता हुने क्रम समयको परिवर्तनसँगै बढ्दै गइरहेको छ। तर व्यावसायिकताको अभावमा केही समय प्रकाशन भएपछि बन्द हुने क्रम पनि त्यतिकै छ। यसको प्रमुख कारणको रूपमा प्रकाशकहरूको आर्थिक तथा श्रमको लगानी र धैर्यता दुवैको अभाव रहेको देखिन्छ। पत्रकारिता क्षेत्र खासगरी नाफा भन्दा पनि सेवामूलक क्षेत्र हो। यसो भन्दैमा घाटा खाएर पनि पत्रकारिता चल्न सक्दैन। यसमा लागेपछि आफ्नो श्रम तथा आर्थिक लगानीमा थोरै मात्र प्रतिफलको आशा गर्नुपर्दछ र धेरै मात्रामा समाजलाई सूचना उपलब्ध गराउने लक्ष्य हुनु पर्दछ। तर यहाँ अपवादको रूपमा मात्र केही प्रकाशनहरूले यस्तो लक्ष्य लिएका देखिन्छन्। नत्र सबैले न्यूनतम् लगानीबाट अधिकतम तथा छिटो प्रतिफलको अपेक्षा गरेको पाइन्छ। अनि अपेक्षित प्रतिफल प्राप्त नभएपछि प्रकाशन बन्द गर्नु नै एक मात्र उपाय देख्छन् प्रकाशकहरू। लगानी बढाएर पत्रपत्रिकाको स्तर वृद्धि गर्नपट्टि कसैको ध्यान पुगेको छैन। विविध समस्याहरू हुँदा हुँदै पनि नयाँ–नयाँ पत्रिकाहरू किन निस्कन्छन् त? यसमा मुख्य २ ओटा कारणहरू देखिन्छन्।

**(क) सोखः** २०४६ सालमा प्रजातन्त्रका पुनर्स्थापना भएपछि प्रेसले स्वतन्त्र हुने मौका पायो। फलस्वरूप देशभरी पत्रपत्रिका प्रकाशन गर्ने तीव्र लहर चल्यो। त्यही लहरले यहाँका व्यक्तिहरूलाई पनि प्रभाव पाऱ्यो। कुनै अर्कै पेसामा संलग्न भइरहेका वा नभएका यस्ता व्यक्तिहरूमा आफ्नो फुर्सदको समयको उपयोग गर्दै आफ्नो क्षेत्रमा पनि पत्रकारितालाई अगाडि बढाउने इच्छा जागृत भयो। यसरी व्यक्तिको सोखको कारणले पत्रिकाको जन्म भयो।

**(ख) थोरै लगानीः** अन्य उद्योग वा व्यवसायको दाँजोमा पत्रकारिता उद्योग कम लगानीबाटै सुरु गर्न सकिन्छ। आफैंले प्रेस नराखे पनि अरूको प्रेसबाट मुद्रण गर्न सकिने हुनाले ठूलो पूँजीको अनिवार्यता हुँदैन। यसकारण इच्छा र समय भएका व्यक्तिहरूले थोरै लगानी गरेर पनि सुरुवात गरेको देखिन्छ। अझ बढ्दो शैक्षिक बेरोजगारीले पनि सञ्चालन लागतको बोझलाई निकै कम गरिदिएको देखिन्छ। अन्य वैकल्पिक पेसा केही नहुँदा अनुभव हासिल गर्नसकेमा भविष्यमा व्यावसायिक रूपमा त्यही पत्रिकामा वा अन्यत्र काम गर्नपाइने आशाले पनि शिक्षित बेरोजगार युवा अति कम वा विना पारिश्रमिक पनि कार्यरत रहेका देखिन्छन्।

स्थानीय निकायमा हुने अनियमिततासम्बन्धी समाचार वा फिचर लेखहरू यहाँको पत्रपत्रिकाहरूमा लगभग शून्य छ। त्यस्तै रेडियोमा पनि त्यस्ता प्रकारका समाचारहरू प्रसारण नभएको बताइएको छ। यसले गर्दा यहाँको सञ्चार माध्यमले स्थानीय निकायप्रति निगरानीकर्ताको भूमिका निभाउन नसकेको हो कि भन्ने भान हुन्छ। यहाँको पत्रपत्रिका वा रेडियोमा मात्र नभई राष्ट्रिय पत्रपत्रिकाहरूमा पनि त्यहाँस्थित सम्वाददाताहरूले यस्तो विषय उठाएको पाईंदैन। यसको कारण बारे प्रश्न गर्दा प्रायः पत्रकारहरूले स्थानीय निकाय (खासगरी नपा तथा जिविस) को छवि स्वच्छ रहेको बताउने गर्दछन्। तर सबै ठाउँमा र सधैं एउटै हुन्छ भनेर ठोकुवा गर्न सकिंदैन।

गहिराइमा पुगेर खोजी गर्ने हो भने साना-तिना समाचारहरू नभेटिने भन्ने हुँदैन। तर यस्तो विषयमा खोज नहुनुको कारण पत्रकारहरूलाई सञ्चार माध्यम (राष्ट्रिय वा स्थानीय) ले उचित हौसला तथा पेशागत सुरक्षाको ग्यारेन्टि दिन नसक्नु नै देखिन्छ। यदि यसो हुने हो भने खोज पत्रकारिताको सम्भावना प्रशस्त देखिन्छ। किनकी मकवानपुरको पत्रकारितामा हालसम्म कुनै किसिमको राजनैतिक आग्रह-पूर्वाग्रह वा अन्य किसिमका विकृतीहरू जस्तै, पत्रकारिताको प्रमाणपत्रलाई हतियार वनाएर कालोधन्दा गर्ने प्रवृत्तिको घुस-पैठ भएको देखिदैन। यो मकवानपुरको पत्रकारितामा देखिएको अत्यन्त सकारात्मक पाटो हो।

स्थानीय समाचारहरूका लागि यहाँका पत्रपत्रिकाहरू सक्षम देखिएका छन्। अर्थात जिल्ला भित्रका विभिन्न स्थानहरूमा आफ्ना सम्वाददाताहरूले वटुलेका समाचारहरूलाई प्रकाशन गर्ने गरेको देखिन्छ। तर जिल्लाभन्दा वाहिरका समाचारहरू प्रायः सवै पत्रपत्रिकाहरूले राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूवाट नक्कल गर्ने गरेको पाइन्छ। कुनै कुनै पत्रपत्रिकाले भने आफ्नो सम्वाददाता नभएका स्थानहरूमा त्यहींको स्थानीय प्रकाशनका व्यक्तिहरूसँग आ-आफ्ना क्षेत्रका समाचारहरू आदान-प्रदान गर्ने गरी सम्झौता पनि गरेका छन्। जस्तै *प्रयास* साप्ताहिकको चितवन जिल्लामा समाचारदाता नभए पनि त्यस क्षेत्रका समाचारहरू चाहियो भने *चितवन पोस्ट* दैनिक मार्फत लिने गरेको र मकवानपुर जिल्लाको समाचारको लागि *चितवन पोस्टले* *प्रयास* साप्ताहिकसँग सम्पर्क गरी लिने गरेको वताइन्छ। यसो गर्दा समाचारको हुवहु नक्कल गर्ने प्रवृत्ति केही मात्रामा भए पनि कम हुने गरेको छ।

समग्रमा भन्नु पर्दा मकवानपुरको पत्रकारितामा प्रशस्तै सम्भावनाहरू देखिएका छन् तर चुनौतिहरूको पनि सामाना गर्दै जानुपर्ने देखिन्छ।

## टिप्पणीहरु

१. प्रेस काउन्सिल अन्तर्गत रहेको 'पत्रपत्रिका वितरण संपरीक्षण समिति'ले "प्रेस काउन्सिल नियमावली २०४९" मा व्यवस्था भए वमोजिम नेपाल अधिराज्यबाट नियमित रूपमा प्रकाशित भई वितरण संपरीक्षण फारम भरेका पत्रपत्रिकाहरूको नियमित रूपमा वर्गीकरण कार्य गर्दै आएको छ। पहिला वर्षमा २ पटक मूल्याङ्कन गर्ने गरिएकोमा २०५६ देखि वर्षको एकपटक मात्र मूल्याङ्कन गर्ने गरिएको छ। मूल्याङ्कनमा हरेक वर्षको वैशाख चैत्रको अवधिलाई लिएको देखिन्छ। मूल्याङ्कन गर्दा १०० पूर्णाङ्कमध्ये प्रथम समूहमा ६० र दोस्रोमा ४० गरी भाग लगाइने गरिएको छ। जसमा पहिलो समूहको मूल्याङ्कन सचिवालय आफैंले गर्ने तथा दोस्रो समूहको मूल्याङ्कनको निम्ति २ जना परीक्षक नियुक्त गरी मूल्याङ्कन गर्ने गरिएको छ। मूल्याङ्कनको निम्ति विषय र अङ्क भार निम्न लिखित रहेको छ।

| (क) प्रथम समूह (सचिवालय) | | (ख) दोस्रो समूह (विशेषज्ञ) | |
|---|---|---|---|
| विषय | अङ्क भार | विषय | अङ्कभार |
| वितरण परिमाण | ४० | विषयवस्तु | १० |
| आचार संहिता | १० | भाषा | १० |
| नियमितता | ५ | तस्विर | ५ |
| पृष्ठ | ५ | सज्जा | ५ |
| | | छपाइ | ५ |
| | | लेख | ५ |
| जम्मा | ६० | जम्मा | ४० |

पत्रपत्रिका वितरण संपरीक्षणको मूल्याङ्कन गर्दा देहाय वमोजिम अङ्क प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा (श्रेणीमा) समावेश गरी पत्रपत्रिकाको वर्गीकरण गर्ने, मापदण्ड समितिले निर्धारण गरेको छ।

(अ) 'क' वर्ग = ६५ प्रतिशत वा सोभन्दा वढी
(आ) 'ख' वर्ग = ५० प्रतिशत देखि ६५ प्रतिशतभन्दा कम
(इ) 'ग' वर्ग = ३५ प्रतिशत देखि ५० प्रतिशतभन्दा कम
(ई) 'घ') वर्ग = ३५ प्रतिशतभन्दा कम

तर ६५ अङ्क भन्दा माथि प्राप्तगरे पनि प्रति अङ्क १०,००० प्रति भन्दा कम प्रकाशित हुनेलाई 'क' वर्गमा समावेश नगरिने र छापाखाना तथा प्रकाशनसम्वन्धी नियमावलीमा उल्लिखित भए वमोजिम पृष्ठ सङ्ख्या र साइज दुवै नपुग्ने पत्रपत्रिकालाई 'घ' वर्गमा मात्र समावेश गरिने गरिएको छ।

इन्टरनेटमा उपलव्ध पत्रिकाको निर्धारित मापदण्डअनुसार भएको मूल्याङ्कनमा पाएको अङ्कमा ४ अङ्क थप गरी त्यसको खुद प्राप्ताङ्क कायम गरेर सो आधारमा त्यसको वर्ग (श्रेणी) निर्धारण गरिने छ। *(प्रेसकाउन्सिल नेपाल २०५७)*

२ (क) साप्ताहिक पत्रिकाको वार्षिक सञ्चालन लागत (५०० प्रति, प्रति अङ्कं)

| | | | | |
|---|---|---|---|---|
| १. | ८ जना कर्मचारीलाई तलव | → | प्रतिमहिना रू. २४,०००।- का दरले वार्षिक | रू. २,८८,०००।- |
| २. | कार्यालय भाडा (२ कोठा) | → | प्रतिमहिना रू. २०००।- का दरले वार्षिक | रू. २४,०००।- |
| ३. | विद्युत् तथा टेलिफोन महसुल | → | प्रतिमहिना रू. १०००।- का दरले वार्षिक | रू. १२,०००।- |
| ४. | न्युज प्रिन्ट | → | प्रति अङ्क रू. १२००।- का दरले वार्षिक ४८ अङ्कको | रू. ५७,६००।- |
| ५. | लेख (२ ओटा) फोटो (२ ओटा) र कार्टुन (१ ओटा) लाई पारिश्रमिक | → | प्रतिअङ्कमा रू. १०००।- का दरले ४८ अङ्कको | रू. ४८,०००।- |
| ६. | अन्य खर्च (हुलाक, स्टेसनरी आदि) | → | प्रतिअङ्कमा रू. ३००।- का दरले | रू. १४,४००।- |
| | | | जम्मा वार्षिक सञ्चालन लागत | रू. ४,४४,०००।- |

(ख) दैनिक पत्रिकाको वार्षिक सञ्चालन लागत (२५०० प्रति, प्रति अङ्क)

| | | |
|---|---|---|
| १. | १५ जना कर्मचारीलाई तलव → प्रतिमहिना रू. ६०,००० का दरले वार्षिक | रू. ७,२०,०००।- |
| २. | कार्यालय भाडा (३ कोठा) → प्रतिमहिना रू. ३,००० का दरले वार्षिक | रू. ३६,०००।- |
| ३. | विद्युत तथा टेलिफोन महसुल → प्रतिमहिना रू. ३,००० का दरले वार्षिक | रू. ३६,०००।- |
| ४. | न्युज प्रिन्ट → प्रतिअङ्कमा रू. १५०० का दरले वार्षिक ३५० अङ्कको | रू. ५,२५,०००।- |
| ५. | लेख (२ ओटा), फोटो (२ ओटा) र कार्टुन (१ ओटा) → प्रतिअङ्कमा रू. १००० का दरले वार्षिक ३५० अङ्कको | रू. ३,५०,०००।- |
| ६. | अन्य खर्च (हुलाक, स्टेसनरी आदि) → प्रतिअङ्क रू. ५०० का दरले वार्षिक ३५० अङ्कको | रू. १,७५,०००।- |
| | जम्मा वार्षिक सञ्चालन लागत | रू. १८,४२,०००।- |

*नोटः यहाँ साप्ताहिक तथा दैनिक दुवै पत्रिकाको पृष्ठ सङ्ख्या चार तथा सादा कलेवर मानिएको छ।*

३. यहाँ 'गहिराइमा पुगेर खोज पत्रकारिता' भन्नाले कुनै किसिमको अपराधिक गतिविधिअन्तर्गत सम्बन्धित सबै पक्षहरूको आवाज समेटेर अफ फोटो वा रेकर्डसहित समाचार प्रकाशन वा प्रसारण गर्नुलाई बुझाउँछ।

४. श्री ५ को सरकारले प्रदान गर्ने विज्ञापन रकम निम्नानुसार छ।

| | | | |
|---|---|---|---|
| १. | दैनिक | : 'क'श्रेणीको पत्रिका | रू. ७००० प्रति महिना |
| | " | : 'ख' " | रू. ५५०० " |
| | " | : 'ग' " | रू. ४५०० " |
| | " | : 'घ' " | रू. ३००० " |
| २. | साप्ताहिक | : 'क' श्रेणीको पत्रिका | रू. ६००० " |
| | " | : 'ख' " | रू. ४५०० " |
| | " | : 'ग' " | रू. ३००० " |
| | " | : 'घ' " | रू. १५०० " |
| ३. | पाक्षिक | : 'क' श्रेणीको पत्रिका | रू. २००० " |
| | " | : 'ख' " | रू. १५०० " |
| | " | : 'ग' " | रू. १००० " |

*स्रोतः प्रेस काउन्सिल नेपाल २०५८*

## अनुसन्धानको क्रममा सम्पर्क गरिएका व्यक्तिहरु

१. अर्पण पराजुली — विशेष सम्वाददाता, *बलिदान* साप्ताहिक।
२. उज्वल चौलागाईं — सम्वाददाता, *राजधानी दैनिक* र *मनकामना एफ.एम.*।
३. कौशल पाण्डे — प्रकाशक/सम्पादक, *प्रयास* साप्ताहिक।

| | | |
|---|---|---|
| ४. | खेमप्रसाद वोलखे | सहयोगी सम्पादक, *प्रयास* साप्ताहिक तथा सम्वाददाता *मनकामना एफएम* र *हिमालय टाइम्स* दैनिक। |
| ५. | टेकनाथ पौडेल | कार्यवाहक सचिव, हेटौंडा नगरपालिका। |
| ६. | तीर्थराज अधिकारी | विद्यार्थी, हेटौंडा स्कूल अफ मेनेजमेन्ट। |
| ७. | दिनेश न्यौपाने | सहयोगी सम्पादक, *प्रभातकालीन दैनिक*। |
| ८. | दीपक अधिकारी | कार्यक्रम सञ्चालक, *मनकामना एफएम*। |
| ९. | दीपक श्रेष्ठ | प्रकाशक, *कुराकानी* साप्ताहिक तथा प्रकाशक/सम्पादक *हेटौंडा वा.पौ.* |
| १०. | पुरन जोशी | संयोजक, हेटौंडा स्कूल अफ मेनेजमेन्ट र प्रधानाध्यापक, आधुनिक राष्ट्रिय मावि। |
| ११. | प्रताप विष्ट | सभापति नेपाल पत्रकार महासङ्घ, मकवानपुर, तथा सम्वाददाता, *कान्तिपुर दैनिक*। |
| १२. | वेदाङ्ग अर्याल | अध्यक्ष, *प्रभातकालीन दैनिक* मध्यमाञ्चल संस्करण। |
| १३. | भानुभक्त आचार्य | व्यवस्थापक, *हेटौंडापोस्ट* साप्ताहिक तथा सचिव, नेपाल पत्रकार महासङ्घ, मकवानपुर। |
| १४. | रामकुमार एलन | कार्यकारी सम्पादक, *बलिदान* साप्ताहिक तथा सम्वाददाता *नयाँ सडक दैनिक*। |
| १५. | रामकृष्ण थापा | कार्यक्रम अधिकृत जिविस मकवानपुर। |
| १६. | विधान रिजाल | सञ्चालक, कन्ट्र्याक्ट अस प्रा.लि. (विज्ञापन एजेन्सी) |
| १७. | विष्णुप्रसाद दङ्गाल | व्यवस्थापक, *मधुपत्र* साप्ताहिक। |
| १८. | सञ्जयकुमार साह | कार्यकारी सम्पादक, *कुराकानी* साप्ताहिक। |
| १९. | समीर नेपाल | कार्यकारी निर्देशक, *मनकामना एफएम*। |
| २१. | हरिप्रसाद हुमागाई | विद्यार्थी, हेटौंडा स्कूल अफ मेनेजमेन्ट। |
| २०. | हिरण्यलाल श्रेष्ठ | पूर्व सांसद तथा पत्रकार। |

## सन्दर्भ सामग्री

कँडेल, सूर्यप्रकाश। २०५७। मकवानपुरको मनकामना एफ.एम.। *चितवन पोस्ट*, १३ मङ्सिर, पृ. २।

जिल्ला विकास समिति। २०५७। *जिल्ला विकास योजना आ.व. २०५८/०५९*। मकवानपुर।

पराजुली, शेखर र भास्कर गौतम। २०५८। प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण। *नेपाली मिडियामा दलित तथा जनजाति*। प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. २१-५६। काठमाडौंः एकता बुक्स।

प्रेस काउन्सिल नेपाल। २०५७। *पत्रपत्रिका वितरण संपरीक्षणको मापदण्ड र प्रक्रिया।* काठमाडौंः प्रेस काउन्सिल नेपाल।

प्रेस काउन्सिल नेपाल। २०५८। *छब्बीसौं वार्षिक प्रतिवेदन २०५७/०५८*। काठमाडौंः प्रेस काउन्सिल नेपाल।